सारा नेपाली अन्याय, अत्याचारको विरुद्धमा लड्नु पर्छ र यस्तो अन्याय, अत्याचारबाट मुक्त हुनुपर्छ। यही नै समयको माग हो ।
नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

ग्राहक प्रति
लोकप्रिय राष्ट्रिय दैनिक
# राजधानी
काठमाडौं, धरान र बुटवलबाट एकैसाथ प्रकाशित

लोकप्रिय राष्ट्रिय दैनिक
राजधानी
ग्राहक बन्नु परेमा
नवीकरण गर्नु परेमा
ठेगाना परिवर्तन भएमा
र पत्रिका नियमित नआए
सिधा सम्पर्क 5546300,
बिहान १० बजे देखि ५ बजेसम्म Ext: 112, 108

काठमाडौं । वर्ष १५, अंक २०८, काठमाडौं, शुक्रबार २४ पुस २०७२, नेपाल संवत् ११३६ । www.rajdhani.com.np । Email rajdhaninews@gmail.com । RAJDHANI Nepali National Daily । Kathmandu, Friday 8 January 2016 । पृष्ठ : ८ मूल्य रु. ५/-

## ढुंगेललाई माफी नदिन बाध्यकारी आदेश

डिल्ली आचार्य/राजधानी
काठमाडौं, २३ पुस

सर्वोच्च अदालतको संवैधानिक इजलासले एकीकृत नेकपा माओवादीका केन्द्रीय सदस्य तथा पूर्वसभासद् बालकृष्ण ढुंगेललाई माफी दिने सरकारको निर्णय बदर गर्दै कानुन नबनाई कसैलाई पनि माफी नदिन राष्ट्रपति कार्यालय र सरकारलाई बाध्यकारी आदेश (परमादेश) दिएको छ । प्रधानन्यायाधीश कल्याण श्रेष्ठको अध्यक्षतामा बिहीबार बसेको संवैधानिक इजलासले हत्या अभियोगमा सर्वोच्च अदालतबाट सर्वस्वसहित जन्मकैदको सजाय सदर भएका ढुंगेललाई माफी दिने चार वर्षअघिको सरकारी निर्णय बदर गर्दै यस्तो आदेश दिएको हो ।

माग गर्दै मृतक श्रेष्ठकी दिदी सावित्री श्रेष्ठले दायर गरेको रिट निवेदनलाई संवैधानिक इजालसमार्फत टुंगो लगाउँदै अदालतले ढुंगेलको सजाय माफी नहुने र माफी दिन अब बेग्लै कानुन बनाउनुपर्ने बाध्यता रहेको जनाउ दिएको हो। माफीका लागि नयाँ संविधानको प्रावधानसमेत प्रतिकूल बनेपछि ढुंगेलको सजाय माफी गराउने पूर्वप्रधानमन्त्री तथा नयाँ शक्तिका अभियन्ता डा. बाबुराम भट्टराई सरकारको निर्णय कहिल्यै कार्यान्वयन नहुने गरी अदालतले रोकिदिएको हो ।

संविधानले राष्ट्रपतिलाई अदालतले दिएको आदेश माफी, कम वा मुल्तबी गर्न सक्ने स्पष्ट अधिकार दिए पनि यस्तो अधिकार प्रयोगसम्बन्धी कानुनको अभावमा यस्तो निर्णय स्वच्छ सुनुवाइ र समानताको हकविपरीत भएको व्याख्यासमेत गरेको छ । 'भेदभावपूर्वक कसैलाई लाभ दिने गरी भएको निर्णयबाट समानताको हक, स्वच्छ सुनुवाइ एवं अदालतको निर्णयको अन्तिमताको सिद्धान्तसमेतको उल्लंघन हुने गरी भएको सजाय माफी दिने गरी भएको मन्त्रिपरिषद्को सिफारिस निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुन्छ,' फैसलामा भनिएको छ। अदालतले सरकारले ढुंगेललाई माफी दिने सिफारिसमा माफीसम्बन्धी कानुनले निर्धारण गरेको प्रक्रियासमेत पूरा नगरेको भन्दै कुनै पनि कोणबाट सरकारको निर्णय कार्यान्वयन हुने अवस्थामा नरहेको व्याख्या गरेको छ ।



### माफी दिने सरकारको निर्णय गैरसंवैधानिक र भेदभावपूर्ण भन्दै संवैधानिक इजलासद्वारा खारेज

नयाँ संविधानले व्यवस्था गरेअनुसार गठन भएको संवैधानिक इजलासले दोस्रो फैसला गर्दै नयाँ संविधानले समेत सरकारको सिफारिसमा राष्ट्रपतिबाट अदालती सजाय माफी, मुल्तबी वा मिनाहा गर्ने सन्दर्भमा कानुन बनाउनुपर्ने भनेकाले ढुंगेललाई माफी दिने निर्णय कार्यान्वयन गैरसंवैधानिक हुने ठहर गरेको हो । २०५५ सालमा ओखलढुंगाका उज्जनकुमार श्रेष्ठको हत्या अभियोगमा ढुंगेललाई सर्वोच्च अदालतले पहिलो संविधानसभाको सभासद् रहेकै बेला सर्वस्वसहित जन्मकैदको फैसला गरेको थियो । सो फैसला अझै कार्यान्वयनमा आउन सकेको छैन ।

अदालतको फैसला कार्यान्वयन गर्न ढुंगेलले उन्मुक्ति पाउन नसक्ने संवैधानिक इजलासको आदेशमा उल्लेख छ। संविधानको धारा २७६ ले कानुन बनाएर मात्र माफी दिन सक्ने प्रावधान उल्लेख गरेको छ । ढुंगेलले अदालतको अन्तिम फैसलाअनुसार आफूलाई समर्पण नगरेका कारण पनि उनले माफी नपाउने अर्को तर्क अघि सारेको छ। अदालतले फैसला कार्यान्वयनको प्रक्रिया नै सुरु नभई र नयाँ संविधानअनुसार सजाय माफी र कमसम्बन्धी कानुनसमेत नभएको अवस्थामा ढुंगेलले माफी नपाउने संवैधानिक इजलासको ठहर छ ।

अदालतले ढुंगेललाई माफी दिने सरकारको निर्णयलाई 'भेदभावपूर्वक कसैलाई लाभ दिने गरी भएको निर्णय' भन्दै

अदालतले ढुंगेलको माफी निर्णय बदर गर्दै फैसला कार्यान्वयनका चरणमा नगएको फैसलाअनुसार आफूलाई ढुंगेलले समर्पण पनि नगरेको लगायतका अवस्था देखिएको भन्दै यथावस्थामा माफी दिने निर्णय पुनः अघि नबढाउन बाध्यकारी आदेश (परमादेश) जारी गरेको हो । 'यथावस्थामा माफी नदिनू/नदिलाउनू भनी विपक्षी राष्ट्रपतिको कार्यालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नाममा परमादेशको आदेश जारी हुने ठहर्छ,' आदेशमा उल्लेख छ । २२ कात्तिक २०६८ मा बसेको मन्त्रिपरिषद् बैठकले ढुंगेललाई माफी दिने निर्णय गर्दै कार्यान्वयनका लागि राष्ट्रपतिसमक्ष सिफारिस गरेको थियो। सरकारको निर्णय कार्यान्वयन रोक्न मागसहित सर्वोच्च अदालतमा मृतककी दिदी सावित्री श्रेष्ठले रिट निवेदन दिएकी थिइन् ।

रिटको प्रारम्भिक सुनुवाइपछि अदालतले ढुंगेललाई माफी दिने निर्णय र सिफारिसमा गम्भीर संवैधानिक र कानुनी प्रश्न निहित रहेको भन्दै अन्तरिम आदेशमार्फत कार्यान्वयन रोकेको थियो । सर्वोच्च अदालतले ओखलढुंगास्थित तारबारी गाविसका भुवन भन्ने उज्जनकुमार श्रेष्ठलाई गोली प्रहार गरी हत्या गरेको अभियोगमा ढुंगेललाई सर्वस्वसहित जन्मकैद हुने ओखलढुंगा जिल्ला अदालतको फैसला सदर गरेको थियो ।

(बाँकी पृष्ठ २ मा)

### झालाई पनि माफी नदिनू

**काठमाडौं/रास-** संवैधानिक इजलासले सर्वस्वसहित जन्मकैदको सजाय पाएका धनुषाका प्रमोदकुमार झालाई माफी दिने निर्णयसमेत बदर गरिदिएको छ। उनलाई पनि ढुंगेलकै जस्तो प्रक्रिया पूरा नगरी माफी दिने निर्णय भएको भन्दै सरकारको निर्णय बदर हुने फैसला सुनाएको हो ।

झालाई एमाले वरिष्ठ नेता माधवकुमार नेपाल नेतृत्वको सरकारले माफी दिने निर्णय गर्दै माफीका लागि राष्ट्रपतिसमक्ष सिफारिस गरेको थियो। हत्या अभियोगमा धनुषा जिल्ला अदालतले सर्वस्वसहित जन्मकैदको सजाय सुनाएका झालाई २०६६ पुसमा बसेको मन्त्रिपरिषद् बैठकले माफी दिने निर्णय गर्दै कार्यान्वयनका लागि राष्ट्रपतिलाई सिफारिस गरेको थियो। सो निर्णयविरुद्ध परेको रिटको सुनुवाइ गर्दै सर्वोच्च अदालतले सिफारिस कार्यान्वयन नगर्न यसअघि नै अन्तरिम आदेश दिएको थियो ।

सोही रिटमा अन्तिम सुनुवाइपछि संवैधानिक इजलासले झालाई माफी दिने निर्णय बदर गर्दै उनलाई पनि कानुन नबनाई र प्रक्रिया पूरा नगरी माफी नदिन सरकारको नाममा परमादेश दिएको हो ।

## संविधानमा २५ संशोधन प्रस्ताव

ईश्वरी सुवेदी/राजधानी
काठमाडौं, २३ पुस

मधेसमा जनसंख्या प्रतिशतका आधारमा निर्वाचन क्षेत्र राख्नुपर्ने मागसहित नेपाली कांग्रेसका सांसदले छुट्टाछुट्टै संविधान संशोधन प्रस्ताव दर्ता गराएका छन्। प्रमुख प्रतिपक्षी कांग्रेस सांसदहरूले एउटै विषयमा फरक/फरक धारणासहित बिहीबार संसद् सचिवालयमा संविधान संशोधन प्रस्ताव दर्ता गराएका हुन् ।

कांग्रेस नेता विमलेन्द्र निधिले जनसंख्या प्रतिशतका आधारमा निर्वाचन क्षेत्र कायम गरिनुपर्ने प्रस्ताव गरेका छन् भने डा. मीनेन्द्र रिजालले जनसंख्यालाई प्रमुख र भूगोललाई सहायक आधार मान्नुपर्ने उल्लेख गरेका छन् । अर्का नेता डा. प्रकाशशरण महतले निर्वाचन क्षेत्र निर्धारण गर्दा भूगोलको विकटता र विशिष्टतालाई समेत आधार मान्नुपर्ने प्रस्ताव गरेका छन् । कांग्रेस नेता निधिसहितका ३२ सांसदले दर्ता गराएको संशोधन भने पहाड नमिलेकाले त्यस क्षेत्रमा अन्य प्रदेशको तुलनामा निर्वाचन क्षेत्र बढ्ने देखिन्छ। मधेसी मोर्चाको पनि प्रदेशलाई एकाइ मानेर जनसंख्याका आधारमा निर्वाचन क्षेत्र कायम राख्नुपर्ने माग छ। यस प्रस्तावले मधेसी मोर्चाले उठाएको माग सम्बोधन गर्न खोजे पनि अझै स्पष्ट नगरेको फोरम नेपालका प्रमुख सचेतक डा. शिवजी यादवले बताए ।

निधिले दर्ता गरेको संशोधन प्रस्तावबमोजिम १ सय ६५ सिटमध्ये मधेसमा ८३ सिट कायम हुनेछन् । पूर्व मेचीदेखि पश्चिमको कञ्चनपुरसम्मलाई मधेस मानेर उनले प्रस्ताव ल्याएका छन्। तर, नयाँ संविधानले मधेसलाई पाँच भागमा विभाजन गरेको छ। कांग्रेसकै नेता डा. मीनेन्द्र रिजालसहित १० जना सांसदले भने जनसंख्यालाई प्रतिनिधित्वको मुख्य आधार र भूगोललाई प्रतिनिधित्वको सहायक आधार मानी प्रत्येक प्रदेशमा निर्वाचन क्षेत्र निर्धारण गर्नुपर्ने प्रस्ताव दर्ता गरेका छन्। सो प्रस्तावबमोजिम मधेसमा ८० सिट हुनेछन् ।



### जनसंख्या प्रतिशतका आधारमा निर्वाचन क्षेत्र निर्धारण गर्न कांग्रेसका मधेसी सांसदको प्रस्ताव, एमाओवादी १० सांसदले गरे एउटै प्रस्तावलाई छुट्टाछुट्टै दर्ता

आन्दोलनरत संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाको मागसँग लगभग मिल्दोजुल्दो छ । जनसंख्यालाई प्रतिनिधित्वको मुख्य आधार मानी जनसंख्या र सदस्य संख्याबिचको अनुपात यथासम्भव समान हुने गरी निर्धारण गर्न संशोधन प्रस्ताव गरिएको छ । उनले गरेको संशोधन प्रस्तावमा समान जनसंख्या र भौगोलिक अनुकूलता हुनुपर्ने उल्लेख छ ।

प्रतिनिधि सभामा समान जनसंख्या र भौगोलिक अनुकूलता तथा विशिष्टताका आधारमा र मधेसमा जनसंख्या प्रतिशतका आधारमा कानुनमा व्यवस्था भएबमोजिम मिश्रित निर्वाचन प्रणालीअनुरूप प्रत्येक निर्वाचन क्षेत्रबाट एक जना रहने गरी पहिलो हुने निर्वाचित हुने प्रणालीबमोजिम निर्वाचित हुने १ सय ६५ सदस्य राख्नुपर्ने प्रस्ताव गरिएको छ । यस प्रस्तावबमोजिम सबैभन्दा बढी जनसंख्या प्रतिशत नयाँ संविधानले व्यवस्था गरेको २ नम्बर प्रदेशमा हुनेछ । अन्य प्रदेश पहाडमा मिसिएकाले निर्वाचन क्षेत्रमा घटबढ हुन सक्ने देखिन्छ। तर, पर्सादेखि सप्तरीसम्मको भागमा

प्रदेशभित्रका संविधान लागू हुँदा कायम रहेको प्रत्येक जिल्लामा कम्तीमा एक निर्वाचन क्षेत्र रहने प्रस्ताव उनीसहितका १० सांसदले गरेका छन् । कांग्रेसकै फरमुल्लाह मन्सुरसहित ३८ सांसदले राज्यका हरेक संरचना समावेशी समानुपातिक प्रतिनिधित्व सुनिश्चित हुनुपर्ने प्रस्ताव गरेका छन् । आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम, अपांगता भएका व्यक्ति, पिछडा वर्ग, लैंगिक तथा यौनिक अल्पसंख्यक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको संरचनामा सहभागी गराउनुपर्ने उनीहरूको संशोधन प्रस्तावमा उल्लेख छ। नेपालको संविधान (पहिलो संशोधन) विधेयक माथि बिहीबार संसद् सचिवालयमा २५ ओटा संशोधन प्रस्ताव दर्ता भएका छन् ।

(बाँकी पृष्ठ ३ मा)

### कार्यदलमा कांग्रेसको नयाँ प्रस्ताव

**काठमाडौं/रास-** मधेस आन्दोलनको सम्बोधन गर्न नेपाली कांग्रेसले नयाँ प्रस्ताव अगाडि सारेको छ । तिन महिनाभित्र राजनीतिक समितिमार्फत सीमांकन परिमार्जन गर्ने प्रमुख तिन दलको प्रस्तावको मोडालिटीका विषयमा केन्द्रित रहेर कांग्रेसले नयाँ प्रस्ताव अघि सारेको हो ।

दलहरूले निर्माण गरेको कार्यदलको बिहीबारको बैठकमा प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसले सीमांकन परिमार्जनका लागि राजनीतिक समिति निर्माण गर्ने र त्यसको कार्यविधि भने विगतको राज्य पुनःसंरचना आयोग र समितिले स्वीकार गरेको आधारलाई सैद्धान्तिक आधार बनाएर जाने गरी समस्या समाधानको प्रस्ताव गरेको हो ।

(बाँकी पृष्ठ २ मा)

## भूकम्पपीडितलाई सर्वेक्षणसँगै अनुदान फाराम

भीम गौतम/राजधानी
काठमाडौं, २३ पुस

सरकारले भूकम्पपीडितको सर्वेक्षणसँगै व्यक्तिगत आवासका लागि अनुदानको फारामसमेत वितरण गर्ने भएको छ । गएको नौ महिना बित्दासमेत आवास निर्माणका लागि सरकारले कुनै पहल नगरेको भन्दै भूकम्पपीडित निराश भइरहेका बेला सरकारले भूकम्पपीडितको वास्तविक तथ्यांकसहित सर्वेक्षणसँगै अनुदानको फाराम वितरण गर्न लागेको हो ।

सरकारले प्रत्येक भूकम्पपीडितलाई २ लाख रुपैयाँ अनुदान दिने घोषणा गरिसकेको छ । नक्कली भूकम्पपीडित बढेको भन्दै सार्वजनिक भइरहेका बेला नमुना रूपमा भूकम्प प्रभावित दोलखा जिल्लाबाट राष्ट्रिय योजना आयोग अन्तर्गतको तथ्यांक विभागले नमुना सर्वेक्षण सुरु गरेको छ। दोलखा जिल्लामा सर्वेक्षणसँगै अनुदान फाराम वितरण गर्न नसके पनि दोस्रो चरणको सर्वेक्षणसँगै अनुदानको फाराम वितरण गर्न लागेको स्थानीय विकास मन्त्रालयले जनाएको छ। 'आगामी १ माघदेखि दोस्रो चरणको सर्वेक्षण सुरु गर्न लागिएको छ, त्यहाँ खटिने टोलीले भूकम्पपीडितहरूले छिटो अनुदान रकम पाऊन् भनेर फाराम वितरण गर्न लागेका छौं,' स्थानीय विकास मन्त्रालयका प्रवक्ता पूर्णचन्द्र भट्टराईले राजधानीसँग भने ।

तथ्यांक विभागका अनुसार आगामी १ माघदेखि भूकम्पबाट अति प्रभावित १४ जिल्लामध्ये काठमाडौं उपत्यकाका तिन जिल्लाबाहेकका रामेछाप, सिन्धुपाल्चोक, काभ्रे, नुवाकोट, मकवानपुर, सिन्धुली, ओखलढुंगा, रसुवा, धादिङ र गोरखासहितका १० जिल्लामा सर्वेक्षण सुरु गरिन लागिएको छ। यी जिल्लामा क्रमशः सर्वेक्षण अघि बढाइने विभागले जनाएको छ। तथ्यांक विभागले खटाएका एक इन्जिनियर र सामाजिक परिचालकसहितको लाभग्राही पहिचान टोलीले ट्याबलेटमार्फत भूकम्पपीडितको घरसम्म पुगेर यथार्थ तस्बिर खिचेर पहिचान गर्नेछ । 'सर्वेक्षण गरिएका भूकम्पपीडितको तथ्यांक ट्याबलेटमार्फत यकिन जानकारी लिएपछि अनलाइनमार्फत जानकारी हुन्छ, त्यसलाई पुनः प्रमाणित गरेर अनुदान रकम दिन सहज हुन्छ,' तथ्यांक विभागका उपमहानिर्देशक रुद्र सुवालले भने ।

आगामी फागुनसम्ममा सम्पन्न गर्ने गरी वास्तविक भूकम्पपीडितहरूको पहिचानका लागि इन्जिनियरसहितको टोली भूकम्प प्रभावित क्षेत्रमा खटाउन लागेको छ। हाल दोलखामा १ सय २७ जना खटिसकेका छन् ।

(बाँकी पृष्ठ २ मा)

## यार्सा बेच्न चीनतर्फ दुई नाका खोल्न सुझाव

शिव सत्याल/राजधानी
काठमाडौं, २३ पुस

नेपाल राष्ट्र बैंकले यार्सागुम्बाको कारोबारका लागि चीनतर्फका दुई नाका खोल्न सुझाव दिएको छ। नेपालमा संकलित यार्सागुम्बाको ठुलो हिस्सा तिब्बततर्फ अनौपचारिक रूपले निकासी हुने गरेकाले निकासीलाई औपचारिक बनाउन डोल्पाको तिन्जे र सालडाङ नाकालाई वैधानिकता प्रदान गर्नुपर्ने सुझाव दिइएको हो ।

यार्सागुम्बाले नेपाली अर्थतन्त्रमा पारेको प्रभावको विषयमा राष्ट्र बैंकले गरेको अनुसन्धानको सुझावमा यस्तो उल्लेख गरिएको छ। तिब्बततर्फ हुने यार्सागुम्बाको चोरी निकासीलाई निरुत्साहित गर्न सम्भव भएसम्म उत्तरतर्फका रणनीतिक ठाउँहरू (जस्तै बझाङको नयाँ) मा विशेष गरी यार्सागुम्बा संकलन हुने मौसममा अस्थायी सुरक्षा चौकी स्थापना गर्नु उचित हुने पनि अध्ययनको निष्कर्ष छ । आर्थिक वर्ष २०७०/७१ मा ४ अर्ब ९२ करोड रुपैयाँ बराबरको यार्सागुम्बा संकलन गरिएको थियो। हिमाली जिल्लाका स्थानीय प्रशासनलाई आवश्यक स्रोतसाधन उपलब्ध गराई पाटनहरूमा सुरक्षाकर्मीहरूको घुम्ती टोली आवश्यक संख्यामा परिचालित गर्न उपयुक्त हुने सुझाव पनि दिइएको छ। यस्तो सुरक्षा व्यवस्थाबाट यार्सागुम्बाको आडमा वन्यजन्तु, पन्छी एवं अन्य जडीबुटीहरूको चोरी तस्करी रोक्नसमेत ठुलो सहयोग पुग्ने राष्ट्र बैंकको भनाइ छ। यार्सागुम्बाको संकलन तथा बिक्री/वितरणमा बढ्दो आकर्षणसँगै हिमाली अर्थतन्त्र चलायमान भएको अध्ययनको ठहर छ ।



सो भेगका जनताको आयआर्जन, रोजगारी एवं पूर्वाधार विकासलगायत विविध आर्थिक गतिविधि गतिशील हुन पुगेको भन्दै राष्ट्र बैंकले यार्सागुम्बाको उत्पादन तथा बिक्री वितरणका कारण नेपालको गरिबी निवारण तथा समावेशी आर्थिक विकासमार्फत समग्र देशको अर्थतन्त्रमा योगदान पुगेको ठहर गरेको छ । आर्थिक कारोबारको विस्तारसँगै त्यस क्षेत्रको मौद्रिकीकरण विस्तार भएको अध्ययनले देखाएको छ । हिमाली जिल्लाका धेरैजसो आदिवासी र पिछडिएका जनताको आम्दानी तथा रोजगारीका अवसर सिर्जना भएको र बढ्दो आम्दानीसँगै हिमाली बासिन्दाको बचतमा वृद्धि हुन गई शिक्षा तथा स्वास्थ्य क्षेत्रमा बढेको लगानीस्वरूप मानव संशाधन विकासमा सकारात्मक प्रभाव परेको अध्ययनको निचोड छ। विद्यालय, बाटोघाटो, पुलपुलेसा, नयाँ घर निर्माणजस्ता पूर्वाधारको निर्माणबाट अर्थतन्त्रको उत्पादकत्व वृद्धिमा सकारात्मक योगदान पुगेको अध्ययनमा उल्लेख छ ।

(बाँकी पृष्ठ ३ मा)



## व्यापारीले लखेटे आन्दोलनकारी

**जनकपुरधाम/रास–** जनकपुर बजार बन्द गराइरहेका संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्तालाई स्थानीय व्यापारीले लखेटेका छन्। लामो समयदेखिको बन्द र हडतालबाट आक्रोशित बनेका व्यापारीले मोर्चाका धनुषा संयोजक तथा सद्भावना पार्टीका जिल्ला अध्यक्ष सञ्जयकुमार सिंह र तराई मधेस सद्भावना पार्टीका जिल्ला अध्यक्ष रूपनारायण मण्डलको मोटरसाइकलमा आगजनीसमेत गरेका छन्। व्यापारीले मोर्चाका केही नेता तथा कार्यकर्तालाई कुटपिट गरेका छन्। मोर्चाका कार्यकर्ताले बन्दको क्रममा केही पसलमा तोडफोड गरेपछि उनीहरूविरुद्ध व्यापारी खनिएका हुन्।

यता, संयुक्त युवा संघर्ष समितिका अध्यक्ष धर्मेन्द्र साहले नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिका कार्यकर्ताहरू तथा एमालेका स्थानीय केही कार्यकर्ताले जारी रहेको आन्दोलनलाई मत्थर पार्न सो विरोध गरेको आरोप लगाएका छन्। जनक चोकमा स्थानीय व्यापारी र मोर्चाका कार्यकर्ताले छुट्टाछुट्टै एकअर्काविरुद्ध केही घण्टासम्म नाराबाजी गरेका थिए।

## ड्रममा डुबेर बालकको मृत्यु

**पाँचथर/रास–** ड्रममा राखिएको पानीमा डुबेर फिदिम-२ पल्लोटार बसपार्कछेउका पदम बराइलीका २ वर्षीय छोरा सम्पूर्ण बराइलीको मृत्यु भएको छ। बिहीबार दिउँसो खेल्ने क्रममा डुबेका सम्पूर्णको तत्काल उद्धार हुन नसक्दा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय पाँचथरले जनाएको छ।

निसास्सिएर छटपटाइरहेको छिमेकीले देखेर उद्धार गरी फिदिम अस्पताल पुर्‍याए पनि उपचारको क्रममा मृत्यु भएको हो। आमा मादक पदार्थ सेवन गरेर अचेत अवस्थामा रहेको बेलामा रेखदेख गर्ने कोही नहुँदा पानीमा डुबेका बालक सम्पूर्णको उद्धार हुन नसकी मृत्यु हुन गएको छिमेकीले बताएका छन्।

# कालोबजारी अभियोगमा विजया सिमेन्टका सञ्चालक पक्राउ

**पार्वती पाण्डे/राजधानी**
कपिलवस्तु, २३ पुस

पेट्रोल पम्प सञ्चालकसँग मिलेमतो गरी इन्धनको कालोबजारी गरेको आरोपमा विजया सिमेन्ट प्रालिका सञ्चालक सुरेश कनौडियासहित चारजना पक्राउ परेका छन्। कपिलवस्तुको कृष्णनगरस्थित राणीसती पेट्रोल पम्पका लागि आएको ३ हजार लिटर डिजेल ट्यांकरबाट सिधै सिमेन्ट फ्याक्ट्रीमा झारिएपछि पेट्रोल पम्प सञ्चालक रञ्जनकुमार कनौडियालाई समेत पक्राउ गरिएको छ। भैरहवास्थित डिपोबाट कृष्णनगरका लागि आएको ट्यांकर राति ११ बजे एकाएक गायब भएपछि प्रहरी सक्रिय भएको थियो।

इलाका प्रहरी कार्यालय कृष्णनगरका प्रहरी निरीक्षक नमराज भट्टराई नेतृत्वको टोलीले राति १२ बजे लु१ख ३००८ नम्बरको ट्यांकर सिमेन्ट उद्योगभित्र तेल झारिरहेको अवस्थामा पक्राउ गरेको हो। राति नै सिमेन्ट फ्याक्ट्री पुगेको प्रहरी टोलीले झारिएको तेल, ट्यांकर र चालकलाई नियन्त्रणमा लिएको छ। ट्यांकर चालक पडसरीका ५२ वर्षीय



*विजया सिमेन्ट फ्याक्ट्रीबाट नियन्त्रणमा लिइएको आयल निगमको ट्यांकर।*

रामसिंह क्षत्रीले दिएको बयानका आधारमा प्रहरीले सिमेन्ट फ्याक्ट्री सञ्चालक कनौडिया र पम्प सञ्चालकलाई पक्राउ गरेको थियो। प्रहरीले बिहीबार बिहान ८ बजे सिमेन्ट फ्याक्ट्री सञ्चालक कनौडियालाई कृष्णनगरबाट पक्राउ गरेको प्रहरी निरीक्षक भट्टराईले बताए।

इन्धनको कालोबजारीमा संलग्न रहेको भन्दै सिमेन्ट उद्योगका म्यानेजर अरुण मिश्रलाईसमेत नियन्त्रणमा लिएको प्रहरी निरीक्षक भट्टराईले जनाए। साथै उनले प्रहरीले सिमेन्ट उद्योग र पम्पमा सिल गरेको पनि बताए। पक्राउ परेकालाई कालोबजारी ऐन, ०३१ अन्तर्गत मुद्दा दर्ता गरी कारबाही प्रक्रिया अघि बढाइने उनले जानकारी दिए। यसअघि पनि जिल्लाको दक्षिणी भेगमा आउने गरेका पेट्रोलियम पदार्थका ट्यांकर गायब हुने गरेको जनगुनासो बढेपछि प्रहरीले सक्रियता बढाउँदै आएको छ।

# बिरामीको मृत्युपछि अस्पतालमा प्रदर्शन

**राजधानी संवाददाता**
मोरङ, २३ पुस

मोरङको टंकीसिनवारीस्थित विराट शिक्षण अस्पतालमा उपचाररत बिरामीको चिकित्सकको लापर्बाहीले मृत्यु भएको भन्दै बिहीबार मृतकका आफन्त र स्थानीयले विरोध प्रदर्शन गरेका छन्।

साइकलबाट लडेर देब्रे काँधको हड्डी भाँच्चिएर अस्पताल भर्ना भएका सुनसरी बकलौरी-२ का १६ वर्षीय सरोज खड्काको मृत्युपछि आफन्तले प्रदर्शन गरेका हुन्। खड्काको शल्यक्रिया (अप्रेसन) का क्रममा बुधबार राति मृत्यु भएको थियो। छोराको अवस्थाबारे अप्रेसन गरेको दुईदिनसम्म कुनै जानकारी नदिई एक्कासि मृत्युको घोषणा गरेको भन्दै मृतकका बाबु बहादुरसिंह खड्काले चिकित्सककै लापर्बाहीले छोराको मृत्यु भएको आरोप लगाए।

आक्रोशित आफन्तहरूले विरोधका क्रममा अस्पतालका केही झ्यालका सिसा तोडफोड गरेका छन्। उनीहरूले केही बेर अस्पतालअगाडिको कोसी राजमार्गमा सवारी आवागमनसमेत अवरोध गरेका थिए।

घटनापछि खटिएका सशस्त्र तथा नेपाल प्रहरीले स्थिति नियन्त्रणमा लिँदै यातायात सञ्चालन गराएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ।

हातको अप्रेसन गर्दा बिरामीको मृत्यु हुनुमा आश्चर्य व्यक्त गर्दै मृतकका परिवारले मृत्युको कारण स्पष्ट पार्न माग गरेका छन्। उनीहरूले अप्रेसनमा संलग्न चिकित्सकलाई कारबाही, पूर्वाधारविना सञ्चालित अस्पताल बन्द गरिनुपर्नेलगायत माग राखेका छन्। अस्पताल प्रशासनले भने लापर्बाहीले नभई उपचार गर्दागर्दै बिरामीको मृत्यु भएको जनाएको छ।






## एमाले नेताबिच कुटाकुट

**दाङ/रास–** एमाले दाङका नेता कार्यकर्ताबिच बिहीबार जिल्ला पार्टी कार्यालयमा कुटाकुट भएको छ।

जिल्ला कमिटीको तिन दिनदेखि जारी बैठकका क्रममा पार्टी कार्यालयभित्र जम्मा भएका नेता कार्यकर्ताबिच हात हालाहाल भएको हो।

एमाले दाङ जिल्ला सचिवालय सदस्य विवेक श्रेष्ठ र रुकुम जिल्ला कमिटी सदस्य प्रेम बुढाबिच हात हालाहाल भएको हो। त्यस क्रममा केन्द्रीय सदस्य मेटमणि चौधरीमाथि पनि आक्रमण भएको जिल्ला अध्यक्ष जोगबहादुर रानाले बताए। हात हालाहाल भएपछि प्रहरीले बुढालाई नियन्त्रणमा लिएको छ।

जिल्ला सदस्य मनोनयन र जिल्ला अधिवेशन तयारीका लागि तिन दिनदेखि बैठक जारी थियो। बैठकमा सदस्य मनोनयनका सम्बन्धमा सहमति जुट्नसकेको छैन।

## संविधानमा २५...

कांग्रेसका ६, एमाओवादीका १० सहित जम्मा २५ ओटा संशोधन परेको हो। सत्तारूढ एम( ाओवादीका १० सांसदले संविधानको धारा ४२ को सामाजिक न्यायको हकअन्तर्गत उपधारा १ मा एउटै प्रस्तावलाई छुट्टाछुट्टै संशोधन प्रस्ताव दर्ता गराएका छन्। एमाले र संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा आबद्ध सांसदले भने कुनै संशोधन प्रस्ताव दर्ता गराएका छैनन्। संशोधन दर्ता गराउनेमा कांग्रेसका ८३ जना, एमाओवादीका १० जना, फोरम लोकतान्त्रिकका एक, राष्ट्रिय जनमोर्चाका दुई, नेपाल मजदुर किसान पार्टीका दुई, राष्ट्रिय जनमोर्चाका दुई, नेपाली जनता दलका एक, नेकपा संयुक्तका एक, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च (थरुहट), राष्ट्रिय जनमुक्ति पार्टी र स्वतन्त्र सांसद गरी १ सय ४ सांसदले संशोधन प्रस्ताव दर्ता गराएका हुन्। गत २१ पुसबाट बिहीबारसम्म ७२ घन्टाको संशोधनको समय तोकिएको थियो। मंगलबार र बुधबार भने कुनै संशोधन परेको थिएन। तर, बिहीबार अपराह्नसम्म रहेको ७२ घन्टाको समयमा सयौं सांसदले संशोधन दर्ता गराएका हुन्। मधेसी मोर्चाको माग सम्बोधन गर्न सरकारले प्रमुख तिन दल कांग्रेस, एमाले र एमाओवादीको सहमतिमा संविधानको पहिलो संशोधन विधेयक संसद्मा दर्ता गराएको थियो।

## यार्सा बेच्न...

यस्तै, यार्सागुम्बाको कारोबारसँगै बैंक तथा वित्तीय संस्थाहरूको बढ्दो उपस्थितिले वित्तीय पहुँचमा अभिवृद्धि भएको अध्ययनले देखाएको छ। यार्सागुम्बाको संकलन तथा बिक्री वितरणले हिमाली जिल्लाहरूमा आय तथा रोजगारीका अवसरको अभिवृद्धिसँगै यसको बढ्दो अव्यवस्थिति संकलन तथा बिक्री वितरणका कारण केही चुनौती पनि सिर्जना भएको अध्ययनले देखाएको छ। अनौपचारिक कारोबारसँगै राजस्व चुहावटलगायत हिमाली भेगका जनताको स्वास्थ्य, शिक्षा, पर्यावरण र शान्ति सुरक्षा एवं सामाजिक विकृतिहरूका कारण विगत केही वर्षदेखि यार्सागुम्बाको दिगो उत्पादन तथा व्यवस्थापनमा समस्या देखिएको अध्ययनमा भी( नएको छ। यस्तै संकलनका क्रममा अस्थायी बासस्थानबाट उत्सर्जित वस्तुहरूको समुचित व्यवस्थापन हुन नसक्नु, यार्सागुम्बा संकलन गर्न उपयुक्त औजार प्रयोग नहुनु, दाउराका लागि जडीबुटीका रूख तथा वन फँडानी बढ्नुले हिमाली भूभागमा पर्यावरणीय प्रभाव परी यार्सागुम्बाको जीवनचक्रमा नकारात्मक प्रभावस्वरूप दीर्घकालमा यसको लोप हुने सम्भावनासमेत देखिएको राष्ट्र बैंकको अध्ययनमा उल्लेख छ।

यस्ता कारणले यार्सागुम्बाको संरक्षण एवं प्रवर्द्धन गरी यसलाई स्थानीयवासीको आय आर्जनको दिगो स्रोतका रूपमा विकास गर्न उपयुक्त कदम चाल्न सिफारिस गरिएको छ। अध्ययनका क्रममा स्थलगत सर्वेक्षण एवं अन्तर्क्रियाहरूमा यार्सागुम्बाको दिगो उत्पादन सुनिश्चित गर्न, यसको संकलनलाई व्यवस्थित गर्न, बिक्री-वितरणलाई औपचारिक व्यापारको दायराभित्र ल्याउन एवं अर्थतन्त्रमा यार्सागुम्बाको योगदान अभिवृद्धि गर्न विविध सुझाव प्राप्त भएका छन्। सुझावहरू कार्यान्वयनमा ल्याउन वन कार्यालय, निकुञ्ज कार्यालय एवं सम्बन्धित सबै निकायले आ-आफ्नो भूमिका सशक्त रूपले निर्वाह गर्न आवश्यक देखिएको राष्ट्र बैंकको भनाइ छ।यार्सागुम्बाको जीवाणु पूर्ण विकसित हुन नपाउँदै वैशाखको सुरुमै टिप्न जाने गर्दा अर्को वर्ष यार्सागुम्बाको उत्पादन घट्ने गरेको अध्ययनले देखाएको छ। निश्चित समय तोकी त्यस समयमा मात्र यार्सागुम्बा संकलन गर्न पाइने प्रावधानलाई प्रभावकारी ढंगले लागू गर्नुपर्ने पनि राष्ट्र बैंकको सुझाव छ। वैज्ञानिक विश्लेषणका साथ पाटनहरूलाई विभिन्न वर्गमा विभाजन गरी एक वर्ष, दुई वर्ष वा तिन वर्ष गरी संकलनमा रोक लगाउनुपर्ने सुझाव पनि दिइएको छ।

यस्तै, यार्सागुम्बाको संकलन गरिने पाटनहरूको वहन क्षमताका आधारमा कुन पाटनमा कति संकल( कलाई प्रवेश दिने भन्ने किटान गरिनुपर्ने, प्रवेश दिँदा स्थानीय र बाहिरी जिल्लाका कति मानिसलाई संकलनका लागि अनुमति दिने पनि निश्चित गर्नुपर्ने र संकलन अनुमति दिँदा संकलनका लागि जाने मानिसको उमेर तथा स्वास्थ्य अवस्थालाई समेत मापदण्ड बनाइनु उपयुक्त हुने अध्ययनको सुझाव छ। यस्तै, संकलन क्षेत्रमा अन्य जडीबुटी संकलन गर्दा यार्सागुम्बाको जीवनचक्रमा प्रतिकूल प्रभाव पर्ने गरेकाले रोक लगाउने, संकलन क्षेत्रको पर्यावरणमा सुधार ल्याउनुपर्ने, कृषि अनुसन्धान बोर्डले यार्सागुम्बाबारे निरन्तर अध्ययन/अनुसन्धान गर्नुपर्ने, संकलन कार्यमा बालबालिकाको प्रयोगलाई निरुत्साहित गर्न सचेतना फैलाउनुपर्ने, संकलन अनुमति पत्र वितरण तथा शुल्क असुली प्रणालीलाई सरलीकरण गर्नुपर्ने, संकलकलाई अभिमुखीकरण तालिम दिनुपर्ने जस्ता सुझाव अध्ययनमा समेटिएका छन्।

यार्सागुम्बाको प्रमुख बजार चीन स्वशासित क्षेत्र तिब्बत हुन्। हाल यार्सागुम्बाको बजार कोरिया, ताइवान, हडकङ, बर्मा, थाइल्यान्ड, सिंगापुर, जापान, बेलायत र अमेरिकालगायतका मुलुकमा पनि फै( लएको छ। विश्वमा यार्सागुम्बाको कुल उत्पादन ८३ देखि १ सय ८३ मेट्रिक टन रहेको अनुमान छ। चीन, भारत, भुटान र नेपालमा क्रमशः ८० देखि १ सय ७५ मेट्रिक टन, १.७ देखि २.८ मेट्रिक टन, शून्य दशमलव ५ देखि १ दशमलव ५ मेट्रिक टन र १ देखि ३ दशमलव २ मेट्रिक टन यार्सागुम्बा उत्पादन गरेको अनुमान गरेको छ। यसअनुसार यार्सागुम्बाको कुल विश्व उत्पादनमा नेपालको अंश करिब २ प्रतिशत रहेको भए पनि यार्सागुम्बा उत्पादकमा नेपाल दोस्रो ठुलो मुलुक हो।

# मधेसमा भ्रम छरियो : नेपाल

**राजधानी संवाददाता**
उदयपुर, २३ पुस

नेकपा एमालेका वरिष्ठ नेता तथा पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले मधेसका नेताले मधेसमा अनावश्क भ्रम छरेर देशमा संकट निम्त्याएको बताएका छन्। व्यक्तिगत स्वार्थमा गरिएको आन्दोलनले मधेसकै विकास र उन्नतिमा ठुलो धक्का पुगेको नेता नेपालले बताएका छन्।

एमालेले सञ्चालन गरेको संविधान कार्यान्वयन र राष्ट्रिय एकता सुदृढीकरण अभियानको सगरमाथा अञ्चल स्तरीय प्रशिक्षण कार्यक्रमको गाईघाटमा उद्घाटन गर्दै नेता नेपालले संकुचित सोचमा डुबेका मधेसकेन्द्रित नेताले जनतालाई जबर्जस्ती आन्दोलनमा प्रयोग गरेको दाबी गरे। उनले संविधानको अन्तर्वस्तुबारे मधेसमा प्रचारप्रसार हुन नसक्दा आन्दोलन अघि बढेको भन्दै त्यसलाई चिर्न एमालेले मधेसकेन्द्रित अभियान सुरु गरेको जानकारी दिए।

संविधानमा आदिवासी, जनजाति, दलित, महिला, मधेसी, मुस्लिमलागायत सबैको अधिकार सुनिश्चित भएको र संविधान निर्माणपछि संविधान निर्माणमा सहभागी दलहरू गाउँ जान ढिला हुँदा तराईमा समस्या आएको उनले स्वीकार गरे।

उनले सुनसरी, झापा, मोरङ, उदयपुर, सिन्धुली र मकवानपुर जिल्लाका जनता सीमांकन परिवर्तनको विपक्षमा रहेकाले व्यक्ति विशेषको फाइदाका लागि सीमांकन परिवर्तन नहुने ठोकुवा गरे। कार्यक्रमलाई सम्बोधन गर्दै एमाले महासचिव ईश्वर पोखरेलले अभ्यास, अनुभव, आवश्यकता र औचित्यका आधारमा मात्र सीमांकन परिवर्तन हुने बताए। उनले आफूलाई मधेसको ठेकेदार भन्न रुचाउनेहरूले नेपालगन्ज र सर्लाहीमा बसेर सीमा कोर्दैमा आमजनताको भावनाविपरीत लहडमा सीमांकन परिवर्तन हुन नसक्ने ठोकुवा गरे। ‘यदि सीमांकन परिवर्तन नै गर्नुपर्ने भए अभ्यास, हिजोको अनुभव, आवश्यकता पहिचान र परिवर्तनको औचित्य पुष्टि गरेर मात्र सम्भव हुन्छ,’ उनले भने। ‘छिमेकी मुलुक भारतको इसारामा सीमा क्षेत्रमा बसेर नाटक मञ्चन गर्ने, जनतालाई सास्ती दिएर सीमांकन परिवर्तन गर्ने भन्ने ?’ महासचिव पोखरेलले भने, ‘त्यो कदापि सम्भव छैन, त्यसका लागि त्यहाँका जनता र उनीहरूका प्रतिनिधिले आवाज उठाउनुपर्छ। भारतले लगाएको नाकाबन्दीको विषयमा खरो रूपमा प्रस्तुत भएका महासचिव पोखरेलले भने, ‘दुःख सहन्छौं तर, स्वाभिमानी नेपालीको शिर झुक्न दिन्नौं।

पोखरेलले दुवै छिमेकी चारत र चीनसँग सन्तुलित व्यवहार गर्नकै लागि वर्तमान सरकारले मित्रराष्ट्र चीनसँग अहिलेसम्म नभएको ऐतिहासिक सम्झौता गर्न लागेको बताए। उनले विभिन्न नाकाहरू खोल्दै ऊर्जा संकट समाधान, नाका सहजता, वाणिज्यलगायत सम्झौता गर्न लागेको जानकारी दिए। उनले एमालेको सगरमाथा अञ्चल स्तरीय कार्यकर्ता प्रशिक्षण कार्यक्रमको उद्घाटन गर्ने क्रममा सो कुरा बताएका हुन्।




सम्पादकीय

# भोर्लेनीबाट पाठ सिकौं

मकवापुरको फापरबारी गाविसस्थित भोर्लेनीका १ सय ३१ परिवारले वायु र सौर्य ऊर्जा (सोलार) मार्फत बिजुली बत्ती बालेका छन् । पाँच किलोवाट क्षमताका दुईओटा पंखाबाट १० किलोवाट र १५ किलोवाटको सौर्य ऊर्जाको मिश्रित प्रणालीबाट विद्युत् उत्पादन गरी बिजुली बत्ती बालिएको हो। नेपाल विद्युत् प्राधिकरणको केन्द्रीय ग्रिड पुगेका सहरी र आसपासका क्षेत्रमा दैनिक १४ घन्टासम्म लोडसेडिङ भोगिरहेको बेला भोर्लेनी गाउँमा लोडसेडिङको कुनै गुन्जायस छैन। सहरमा जस्तो कुन बेला बत्ती आउला र खाना पकाउँला, खाउँला भन्ने ठूलो चिन्ता पनि छैन त्यहाँ। वायु र सोलार ऊर्जामार्फत नै गाउँलाई झिलिमिली पार्न सकिन्छ भन्ने उदाहरण भोर्लेनीले देखाएको छ। यसबाट सहरी र आसपासका क्षेत्रका बासिन्दाले पाठ सिक्नुपर्छ। जलविद्युत्मा मात्र निर्भर हुँदा र विकल्प नसोच्दाको परिणाम अहिले यस्तो लोडसेडिङको भयावह अवस्था भोग्नुपरेको हो। सहरी क्षेत्रमा सोलारको सम्भावना धेरै छ। लोडसेडिङको चरम समस्या भोगिरहेको बेला सहरबासीले समेत सोलारको भरपूर उपयोग गर्न सक्ने सम्भावना छ, तर धेरै यसतर्फ आकर्षित भएका छैनन्।

मकवानपुर जिल्लाको सदरमुकाम हेटौंडाबाट धेरै टाढा र भौगोलिक रूपमा विकट फापरबारीस्थित भोर्लेनीका बासिन्दाले गरेको पहलबाट गाउँ लोडसेडिङमुक्त हुनुलाई सहरीवासीले राम्रो पाठको रूपमा लिन सक्नुपर्छ। ग्रामीण क्षेत्रका बासिन्दाले त वायु र सोलारलाई उपयोग गरेर ऊर्जा संकटको विकल्प प्रयोग गरेका छन् भने सहरवासीले पनि त्यसलाई उपयोग गरेर लोडसेडिङको चरम समस्या न्यूनीकरणका लागि पहल गर्नुपर्छ। सहरमा ठुलाठुला वायु र सोलार ऊर्जाका लागि उपयुक्त स्थानलगायतको समस्या छ, तर प्रत्येक घरको छतमै सोलार राख्ने हो भने धेरै हदसम्म लोडसेडिङ न्यूनीकरण हुन सक्छ। यसतर्फ सहरवासीको ध्यान जानुपर्छ भने सरकारले पनि सहरवासीहरूलाई लोडसेडिङ न्यूनीकरणको उत्तम विकल्पका रूपमा वैकल्पिक ऊर्जाबारे जनचेतना जगाउनुपर्छ। हुन त वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले सहरी सोलारमा अनुदान र सहुलियत ऋणको व्यवस्था गरेको छ, तर जनचेतनाको अभावमा यो प्रभावकारी कार्यान्वयन हुन सकेको छैन। अहिले 'नेट मिटरिङ'को कुरा पनि आएको छ। यसले पनि सहरमा सोलार प्लान्ट स्थापनाका लागि सहयोग गर्छ, तर विद्युत् प्राधिकरण र प्रवर्द्धन केन्द्रबिच यसबारे सम्झौता हुन नसक्दा मूर्त रूप दिन पाएको छैन। सरकार यसतर्फ गम्भीर हुनु जरुरी छ भने सहरबासी पनि पूर्ण रूपमा जलविद्युत्को बिजुलीमा मात्र भर नपरी विकल्पतर्फ पनि अग्रसर हुनुपर्छ।

अहिले भारतीय नाकाबन्दीले गर्दा जोस र आवेशमा 'के-के न गर्छौं' भन्ने अभिव्यक्ति सरकार, राजनीतिक दल र सर्वसाधारणबाट समेत आइरहेका छन्। यस्ता अभिव्यक्तिले मात्र समस्याको समाधान गर्दैन, काममा रूपान्तरण गरेर मात्र समाधान हुन्छ। यसर्थ अहिले इन्धन, ऊर्जा, खाद्यान्नलगायतका धेरै कुराहरूमा हामी परनिर्भर, अझ भारतनिर्भर रहेको यथार्थ नाकाबन्दीले छर्लंग पारिदिएको छ। यही समस्या र चुनौतीलाई तत्काल अवसरको रूपमा लिँदै परनिर्भर रहेका विषयहरूमा विकल्पको खोजी गर्नु र त्यसका लागि कार्यान्वयन तहमा लागिहाल्नु अहिलेको आवश्यकता हो। यसै मेसोमा मकवानपुरको भोर्लेनीका स्थानीयवासीले वैकल्पिक ऊर्जाका क्षेत्रमा देखाएको चासो र प्राप्त गरेको उपलब्धिले हाम्रा आँखा खोलिदिएको छ। देशका अन्य क्षेत्रमा पनि वायु र सौर्य ऊर्जाका लागि सम्भाव्यता अध्ययनको कार्य तत्काल थाल्नुपर्छ र मुलुकलाई लोडसेडिङमुक्त गर्ने दिशामा अघि बढ्नुपर्छ। यसका लागि सरकारी तवरबाट राज्यले उपलब्ध गराउन सक्ने सबै प्रकारका सहयोग, सुविधा र सहुलियत उपलब्ध गराई वैकल्पिक ऊर्जा विकासमा मद्दत गर्नु जरुरी छ।

# सूचनाको हक प्रचलनमा राजनीतिक दलको दायित्व



■ कृष्णहरि बाँस्कोटा

राष्ट्रिय सूचना आयोगले राजनीतिक दलको नाममा तिनबुँदे आदेश जारी गरेपछि सूचनाको हकको क्षेत्र एकाएक गर्माएको छ। ०६४ साल साउन ५ गते जारी भई ०६४ भदौ ३ गतेदेखि कार्यान्वयनमा आएको सूचनाको हकसम्बन्धी ऐनलाई कार्यान्वयन गर्ने गराउने प्रयास हालसम्म जारी छ। वर्तमान नेपालको संविधानको धारा २७ मा नागरिकको मौलिक हकमा आफ्नो र सार्वजनिक सरोकारको सूचना माग्ने र पाउने गरी सूचनाको हक लेखिएको छ। तर केही यथास्थितिवादी चिन्तन भएका मानिसको दिमागमा सार्वजनिक निकायका सूचना संविधानमा लेख्दैमा खुला र पारदर्शी नहुने सोच यथावत छ। यसरी मुलुकका मूल कानुनकै कार्यान्वयनमा चुनौती दिने दुस्साहस गर्नेलाई लोकतान्त्रिक आचारणको अनुशरण गर्न प्रशिक्षण दिनुपर्छ। यथार्थमा सूचनाको हकसम्बन्धी कानुनले सार्वजनिक निकायमा रहेको सूचनामा नागरिकको पहुँचलाई सुनिश्चित गरेको छ र कानुनले सार्वजनिक निकायको परिभाषाभित्र नेपालका राजनीतिक दलहरूलाई पनि समावेश गरेको छ। यस कारण पनि नेपालको सूचनाको हकसम्बन्धी कानुनमा विश्वका उत्कृष्ट कानुनमध्येमा पर्दछ। क्यानाडामा रहेको एक संस्थाले १०२ ओटा मुलुकका सूचनाको हकसम्बन्धी ऐनको मूल्यांकन गर्दा नेपालले १५० पूर्णांकमा १०४ अंक प्राप्त गरी विश्व वरीयता क्रममा २२औं स्थान ओगटेको छ। यसमा राजनीतिक दलहरूको क्रियाशीलताले नेपाल विश्वका नमुना मुलुकमा पर्ने कुरा प्रस्टै छ।

सूचनाको हकसम्बन्धी कानुनले सार्वजनिक निकायहरूलाई निश्चित दायित्व तोकेको छ। त्यसमा आफ्ना काम कारबाही लोकतान्त्रिक पद्धतिअनुरूप खुला र पारदर्शी हुनुपर्ने, नागरिकप्रति जवाफदेही र जिम्मेवारी बहन गर्नुपर्ने, आफूसँग रहेको सार्वजनिक महत्त्वको सूचनामा नागरिकको पहुँचलाई सरल र सहज पुऱ्याउनु सार्वजनिक निकायको दायित्व हो। यसैगरी ती निकायले नागरिकको हितमा प्रतिकूल असर पर्ने संवेदनशील सूचनाको संरक्षण गर्नुपर्ने, नागरिकले माग गरेको सूचना प्रवाह गर्नुपर्ने, सूचना प्रवाहमा सक्षमता प्रदान गर्न आफ्ना कर्मचारीलाई तालिम दिनुपर्ने, आफ्ना काम कारबाही तिन/तिन महिनामा सार्वजनिक गर्नुपर्ने र सूचना अधिकारीको व्यवस्था गर्नुपर्ने दायित्व पनि रहेको छ। यसका अतिरिक्त सूचनाको हकसम्बन्धी कानुनले जिउज्यानको सुरक्षासम्बन्धी सूचना माग गरेको भए २४ घन्टाभित्र उपलब्ध गराउनुपर्ने, अन्य सूचना १५ दिनभित्र दिनुपर्ने, सूचना अधिकारीले सूचना दिन इन्कार गरे कार्यालय प्रमुखले सात दिनभित्र सूचना दिनुपर्ने, सूचना उपलब्ध गराउँदा न्यूनतम दस्तुर माग गर्नुपर्ने र माग भएकै स्वरूपमा सूचना उपलब्ध गराउनुपर्ने जस्ता कानुनी दायित्व पनि सार्वजनिक निकायले पालना गर्नुपर्छ। यस स्थितिमा आफूलाई अनुकूल पर्ने र सम्भव हुनेजति कानुनी दायित्व पूरा गर्छु भनी छनोटको सुविधा वा केही दायित्व पालना नगरे पनि हुनेगरी कानुनले फुर्सद दिएको स्थिति छैन। यस कुराको सबै सार्वजनिक निकायले गम्भीर चिन्तन गरी सोहीअनुसार कार्यान्वयन गर्नु नै सच्चा लोकतन्त्रको पहरेदार हुनु हो भन्ने कुरा बुझ्न ढिला गर्नु हुँदैन।

**आफूलाई अनुकूल पर्ने र सम्भव हुनेजति कानुनी दायित्व पूरा गर्छु भनी छनोटको सुविधा वा केही दायित्व पालना नगरे पनि हुने गरी कानुनले फुर्सद दिएको स्थिति छैन। यस कुराको सबै सार्वजनिक निकायले गम्भीर चिन्तन गरी सोहीअनुसार कार्यान्वयन गर्नु नै सच्चा लोकतन्त्रको पहरेदार हुनु हो भन्ने कुरा बुझ्न ढिला गर्नु हुँदैन।**

कानुनले निर्दिष्ट गरेको विषयमा आयोगले आदेश गरिरहनुपर्ने विषय पनि होइन, तर कार्यान्वयनको पाटोमा कमीकमजोरीको महसुस भएपछि सूचनाको हकको संरक्षण, संवर्द्धन र प्रचलन गराउन स्थापित आयोग मूकदर्शक हुन पनि सुहाउने कुरा भएन। यथार्थमा नेपालको संविधानले आमजनतालाई वाक तथा प्रकाशन स्वतन्त्रता प्रदान गरको छ। साथै नागरिकलाई सशक्तीकरण गर्ने, मुलुकमा सुशासन कायम गरी आर्थिक समृद्धि हासिल गर्ने र नागरिकका अन्य सबै मौलिक हकको प्रचलनमा खरो उत्रिने राज्यको प्रतिबद्धतालाई मापन गर्ने सूचकांक नै सूचनाको हक हो। यसर्थ लोकतन्त्रमा सूचनाको हकलाई प्राणवायुका रूपमा स्वीकार गरिएको छ। यस स्थितिमा लोकतन्त्रको संवाहकका रूपमा रहेका राजनीतिक दलहरूले नागरिकको सूचनाको हकका पक्षमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सक्रिय भूमिका निर्वाह गरी आएको कुरा आयोगले पनि अनुभूति भएकै छ। यस सन्दर्भमा राजनीतिक दलहरू विविध कार्यक्रमसहित जनता माझ जाँदा सूचनाको हकको पनि जानकारी दिनु उनीहरूको कर्तव्य हो। यसबाट जनता सशक्त हुन पुग्छन्। आफ्नो अधिकारको प्रचलनमा सक्षम जनताबाटै सार्वजनिक निकायको गतिविधिमा खबरदारी पुग्ने हो। सेवाग्राही जनताले सेवा प्रवाहको कार्यचरण र कार्यविधि बुझे भने भ्रष्टाचारमा सहभागी भएर सेवा प्राप्त गर्नु नै पर्दैन। विकास निर्माणको कामबाट प्रत्यक्ष लाभ पुग्ने जनताले आयोजनाको बजेट, निर्माणका चरणहरू, सोको गुणस्तरीयताका विषयमा चासो राख्न थालेपछि दिगो विकासको अवधारणाले सार्थकता लिने छ। राजनीतिक दलहरूले जनताको पक्षमा गरिआएको वकालत नै यही हो। भ्रष्टाचारको विपक्षमा र विधिको शासनको पक्षमा संघर्ष गर्दै आएका राजनीतिक दलले सूचनाको हकसम्बन्धी कानुनको हुबहु पालना गरी दृष्टान्त प्रस्तुत गरेपछि सरकारी निकाय, गैरसरकारी संस्था, निजी क्षेत्र र अन्य सबै सार्वजनिक निकाय यस कानुनको पालनामा बाध्य हुनुपर्ने स्थिति स्वत:सिर्जना हुने छ। नागरिकको सूचनाको हकको प्रचलनमा बढोत्तरी हुनु भनेको लोकतन्त्रको सबलीकरण र दिगोपना कायम हुनु हो भन्ने कुरा घामजत्तिकै छर्लंग छ।

व्यवस्थापिका-संसद्को विकास समितिले गत २०७२ साउन २८ गते राजनीतिक दलका प्रतिनिधि र राष्ट्रिय सूचना आयोगका पदाधिकारीहरूलाई पनि समितिमा डाकी सूचनाको हकसम्बन्धी कानुनको पालना गराउन सबैको ध्यानाकर्षण गराएको थियो। सो बखत उपस्थित दलका प्रतिनिधिहरूले आफ्नो दलले विभिन्न विधिद्वारा पारदर्शिता अवलम्बन गरिआएको कुरा बताएका थिए। आयोगको तर्फबाट ती सबै सत्कार्यको प्रशंसा गर्दै सूचनाको हकसम्बन्धी कानुनले तोकेका दायित्व देखिने र अनभूति हुनेगरी कार्यान्वयन गर्न गरिएको अनुरोध सहर्ष स्वीकार गरिएको थियो। यसरी राजनीतिक दलले सूचनाको हकसम्बन्धी कानुनको उच्च प्रतिबद्धताका साथ पालना गर्ने चासो प्रकट गर्नु सुखद विषय हो। यस स्थितिमा कम्तीमा सबै राजनीतिक दलले कानुनले निर्दिष्ट गरेका २० ओटा शीर्षकमा प्रत्येक तिन/तिन महिनामा आ-आफ्नो दलसँग सम्बन्धित विवरण सार्वजनिक गर्ने, सूचना अधिकारी तोक्ने र सूचना माग र प्रवाहको छुट्टै अभिलेख राख्ने कामले पूर्णत: व्यावहारिक रूप धारणा गरेपछि सूचनाको हकका क्षेत्रमा आमनागरिकले नयाँ उत्साह र उमंगको अनुभूति गर्ने कुरामा विश्वस्त हुन सकिन्छ।

सूचनाको हकको विश्वव्यापी अभ्यासलाई नियाल्दा यसको अनुसरणबाट निश्चित पक्ष र क्षेत्रमा आधारभूत परिवर्तन भएको पाइएको छ। यसमा पहिलो कुरा, पूर्णत: पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्व पालना गर्ने पद्धतिबाट भ्रष्टाचारको समूल नष्ट भएको छ। अन्धकारमा काम गर्दा, अपारदर्शी भई निर्णय गर्दा, सार्वजनिक निकायसम्बन्धी कामको सूचना लुकाउँदा नै भ्रष्टाचारलाई मलजल पुग्ने हो। यसर्थ विश्वव्यापी एउटा निष्कर्ष छ, भ्रष्टाचारीलाई कारबाही गर्ने संयन्त्र, कानुन र स्रोत एवं साधन दुरुस्त अवस्थामा राख्नु भन्दा भ्रष्टाचार नै हुन नदिने निदानात्मक उपायमा जानु बुद्धिमानी कुरा हो। यो विषय सूचनाको हकको व्यापक प्रचलनबाट सम्भव छ। स्विडेनमा सन् १७६६ मै यससम्बन्धी कानुन जारी भएको थियो। त्यसलाई फिनल्यान्ड, नर्वे, डेनमार्कलगायतका मुलुकले अनुशरण गरे। यसका कारण ट्रान्सपरेन्सी इन्टरनेसनलको 'करप्सन परसेप्सन इन्डिकेटर'मा त्यस क्षेत्रमा मुलुकले १०० पूर्णांकमा ९० अंक हासिल गर्ने गरेका छन्, जबकि, हामीले २९ अंक मात्र पाएका छौं। दोस्रो कुरा, हाम्रो अभीष्ट सुशासन कायम गर्ने हो। सुशासन भन्नाले प्रशासनिक अधिकारको समुचित उपयोग हो र सेवाग्राही जनतामा अधिकतम सन्तुष्टि पैदा गराउने हो। यसका लागि 'प्रोसेस ट्रान्सपरेन्सी'को अवधारणा आरम्भ भएको छ। जनताको पक्षमा काम गर्न गठित सरकार र प्रशासनयन्त्रले हरेक कार्यचरणको नतिजाबाट जनतालाई सुसूचित गराउँदा के नोक्सानी होला ? बरु कुनै गल्ती हुन लागे जनताले समयमै सरकारलाई सचेत गराइदिने थिए। यसै अवधारणाअनुसार नीति बन्नुपूर्व जनताको प्रतिक्रियाका लागि श्वेतपत्र वितरण गर्ने प्रचलन आरम्भ भएको हो। तेस्रो, हाम्रो गन्तव्य विधिको शासन हो।

यसको प्राप्तिका लागि विद्यमान संवैधानिक र कानुनी व्यवस्थाको हुबहु पालना गर्नुपर्छ। स्वविवेकी अधिकार प्रयोग गर्दा पनि निश्चित मापदण्ड र अनुशासनको पालना गर्नुपर्छ। चौथो, संविधानमा वर्णित मानवअधिकार र समानताको हकलगायत सबै अधिकारको प्रभावकारी प्रचलनबाटै सरकार र जनताबिच नङ र मासुको सम्बन्ध विकसित हुने हो। यसका लागि राज्य संयन्त्र र सार्वजनिक निकायले कानुनले व्यवस्था गरेको दायित्व हुबहु पालना गर्नुको विकल्प छैन। पालना गर्नै नसकिने गरी कानुन बनेको हुँदैन भन्ने सिद्धान्त स्वीकार गर्दा गर्न नसकिने खासै कुनै कुरा देखिन्न। केवल इच्छा शक्ति र सकारात्मक सोचको आवश्यकता पर्दछ। पाँचौं, हामीले सबै क्षेत्रमा असल अभ्यासको थालनी गरी मुलुकको आर्थिक समृद्धिको चाहना गरेका छौं। यसका लागि सूचनाको हकको क्षेत्र बलियो भयो भने देशवासी जनता स्वयं स्वावलम्बी हुन्छन् र स्वरोजगारतर्फ उन्मुख हुन उत्प्रेरित हुन्छन्। यस्तो महत्त्वपूर्ण क्षेत्रमा योगदान गर्न पाउनु सबैका लागि खुसीको विषय हो। यसर्थ लोकतन्त्रको प्रवर्द्धनका मुख्य 'स्टेक होल्डर' राजनीतिक दलहरूबाट आयोगको आदेशअनुसार सूचनाको हकको पूर्णत: पालना गरी आफ्ना कार्यपद्धति र व्यवहार सोहीअनुसार सञ्चालन गर्दा मुलुकमा नयाँ रक्तसञ्चार भई नागरिकको हक र अधिकारको प्रचलनमा यो घटना एउटा अविष्मरणीय क्षणरूपी कोसेढंगा सावित हुनेमा ढुक्क हुन सकिन्छ।

# स्वाइन फ्लुबाट सचेत होऔं



■ डा. प्रकाश बुढाथोकी

कसैसँग भेट्दा हात मिलाउने, चुम्बन गर्ने जस्ता आधुनिकता झल्काउने काम नगर्नुहोस्, अभिवादनको पुरातन शैली 'नमस्ते' गर्नुहोस्। कुनै बिरामीको स्वास्थ्य लाभको कामना गर्नु छ भने भेट्ने, अस्पतालमा जाने नगरी फोनबाटै स्वास्थ्य लाभको कामना गर्नुहोस्।

भिडभाडमा जाने, नजिकै टाँसिएर बस्ने नगरी हरेक व्यक्तिसँग कम्तीमा एक मिटरको दूरीमा बस्नुहोस्। उपरोक्त भनाइहरू सुन्दा हाँसो उठे पनि, अचम्म लागे पनि यी उपाय बढ्दो जाडोसँगै समस्या बन्ने गरेका रुघाखोकी, फ्लु, इन्फ्लुएन्जा तथा बर्ड फ्लु, स्वाइन फ्लुजस्ता महामारीबाट बच्ने सर्वोत्तम उपाय हुन्।



इन्फ्लुएन्जा, स्वाइफ्लुको संक्रमण बढ्न थालेपछि प्रधानमन्त्री केपी शर्मा ओली, राष्ट्रपति विद्यादेवी भण्डारी, उपराष्ट्रपति नन्दबहादुर पुन, प्रमुख प्रतिपक्षी नेता सुशील कोइराला लगायतलाई दुई सातासम्म रुघाखोकी लागेका तथा विदेशबाट भर्खरै आएका व्यक्तिहरूसँग नभेट्न सल्लाह दिने गरिएको छ। नभेटी नहुने अवस्थामा मास्क लगाएर दुई मिटर टाढा बसेर मात्र भेटघाट गर्ने व्यवस्था मिलाउन सुझाइएको छ।

नेपालमा २०६६ असार १५ मा पहिलो पटक देखिएको स्वाइन फ्लुबाट हालसम्म ५ हजार बढी संक्रमित भएका छन् भने दुई दर्जन बढीको मृत्यु भइसकेको छ। त्यसो त भारतमा लाखौं संक्रमित भए र हजारौंले ज्यान गुमाए। तथापि, स्वाइन फ्लु संक्रमित बलिउड नायक, नायिका, निर्देशक, हलिउडका कलाकर्मीहरू र विश्वका चर्चित राजनेताहरू संक्रमित भए पनि निको भइसकेका छन्।

**स्वाइन फ्लु के हो ?**

सर्वप्रथम बंगुरमा सन् १९३० मा पहिचान भएको एच१ एन१, एच१एन२, एच३एन१, एच३एन२ प्रजातिका भाइरस खासगरी बंगुर, सुँगुरमा फैलिन्छन्। कहिलेकाहीँ सुँगुरसँगको लामो समयसम्मको प्रत्यक्ष सम्पर्कमा आएका मानिसमा यो रोग सर्ने गर्छ र कतिपयमा आफैं हराएर जान्छ। बंगुर र कुखुरामा भएका इन्फ्लुएन्जा मानिसका शरीरमा रहेका इन्फ्लुएन्जासँग मिसिएर मानिसको शरीरमा मिल्ने गरी आफ्नो संरचनामा परिवर्तन गर्न सक्छ र एउटा नितान्त नयाँ किसिमको भाइरसको उत्पति हुन सक्छ। यसपछि यो रोग मानिसबाट मानिसमा सर्न सक्छ र नयाँ महामारी फैलिन सक्दछ भन्ने नै अहिलेको विश्वव्यापी चिन्ता हो।

**स्वाइन फ्लु सर्ने अवस्था**

स्वाइन फ्लुको विषाणु सामान्य रुघाखोकीको विषाणु झैं फैलिन्छ। रोगीले खोक्दा, हाच्छिउँ गर्दा, रोगीले छुँदा, आमनेसामने कुरा गर्दा मुखबाट निस्कने ससाना पानीका कणबाट, सास फेर्दा सर्न सक्छ। ढोकाका ह्यान्डल, टिभीको रिमोट कन्ट्रोल, हात राखेर हिँड्ने रेलिङ, बसको गेटमा भएको ह्यान्डल, कम्प्युटरको कि बोर्डलगायतमा विषाणु हुन सक्छ र सर्ने सम्भावना हुन्छ। संक्रमणको सर्ने खतरा लक्षण देखिनु भन्दा २४ घन्टा पहिलेदेखि आठ दिनपछिसम्म हुन्छ।

**जोखिम समूह**

एसी, कुलरको हावामा बस्नेहरू, ५ वर्षभन्दा कम उमेरका, ६५ वर्षभन्दा बढी उमेरका, चिकित्सक तथा स्वास्थ्यकर्मी, गर्भवती महिला, दीर्घकालीन रोगबाट पीडित (मुट तथा रक्तनली, श्वासप्रश्वास, कलेजो, मधुमेह र प्रतिरोधात्मक क्षमता कमी भएका, क्यान्सर, एचआईभी, अन्य रोगबाट संक्रमितहरू) यसका बढी जोखिममा हुने गर्छन्।

**लक्षण**

भाइरस मानिसमा सरेको १ देखि ७ दिनसम्ममा लक्षण विकसित हुन्छ। रूघाखोकी लाग्नु यसको मुख्य लक्षण हो। जिउ दुख्ने, १०४ डिग्री वा यो भन्दा बढी ज्वरो आउनु, अल्छी लाग्नु, खान मन नलाग्नु, छाती दुख्नु, घाँटी दुख्नु, टाउको दुख्नु, शरीर काम्नु, थकाइ लाग्नु, रिंगटा लाग्नु, पखाला लाग्नु, वान्ता हुनु, सास फेर्न कठिनाइ हुनु, केहीमा आँखा पाक्ने जस्ता लक्षणहरू देखिनु यस रोगका लक्षण हुन्। सामान्य रुघाखोकीमा यी सबै लक्षण हुँदैनन्। केटाकेटीहरूमा चाहिँ र्‍याल, सिँगान निस्कने, सास फेर्न अप्ठ्यारो हुने, छाला, ओठ निलो देखिने, झोल खानेकुरा पनि निल्न कठिन हुने, निर्जलीकरण हुने, बढी निद्रा लाग्ने जस्ता समस्या देखिन्छन्। वयस्कमा सास बिस्तारै चल्ने, छाती वा पेट दुख्ने तथा अचानक चक्कर आउने हुन्छ।

**हाल देखिने सामान्य रुघाखोकी, ज्वरो जस्ता समस्यामा चिकित्सकीय सल्लाहविना औषधि खाँदा सिटामोलबाहेक कुनैले काम दिँदैनन्। तर, कडा रूपमा समस्या देखिएमा तुरुन्त चिकित्सकीय सल्लाह लिनुपर्दछ।**

घरमै बसेर आराम तथा उपचार गराइरहेका बिरामीहरूले आराममै छिटोछिटो सास फेरे, सास फेर्न अप्ठ्यारो भए, छाती दुख्ने, चिडचिडाहट हुने, रक्तचाप एकदम कम हुने, खान मन नलाग्ने, मुखबाट रगत बग्ने, पखाला लाग्ने तथा ओठ, हात, खुट्टा निलो हुन थाले खतरा सम्झेर तुरुन्तै सुविधा सम्पन्न अस्पतालमा लग्नुपर्छ।

**निदान**

पहिलो पटक सन् २००९ मा मेक्सिकोमा देखिएको स्वाइन फ्लु हाल मौसमी फ्लुका रूपमा परिभाषित गरिसकिएको छ। र्‍यापिड इन्फ्लुएन्जा टेस्ट (आरआईटी) ले केही मिनेटमै इन्फ्लुएन्जाको प्रकार 'ए' वा 'बी' छ भनेर छुट्ट्याउँछ। तर यसमा पूरा भर पर्न भने सकिन्न। तसर्थ आरआईटी नेगेटिभ भए पनि एच१एन१ पान्डेमिक २००९ छैन भन्न सकिँदैन। एच१एन१ छुट्ट्याउन पीसीआर प्रयोग गरिन्छ। पान्डेमिक इन्फ्लुएन्जा एच१एन१ ले ९९ प्रतिशत मानिसमा मन्द रुघाखोकी हुन्छ र १ प्रतिशतमा मात्रै गम्भीर असर गर्छ। रोगीको सम्पर्कमा आएका हरेक तिनजनामा एक बिरामी हुन्छन्। १० मा एक जनामा संक्रमण हुन्छ र प्रति १० हजारमा चारदेखि १० जनाको मृत्यु हुन्छ।

**उपचार**

भाइरल रोग भएकोले आफैं पनि विना उपचार सातदेखि १० दिनमा रोग निको हुन सक्छ। निगरानी समय वयस्कका लागि पाँच दिन तथा बच्चाहरूका लागि सातदेखि १० दिनसम्म हुने गर्दछ। स्वाइन नै भए पनि जति छिटो उपचार सुरु गरिन्छ, त्यति नै छिटो निको हुने सम्भावना रहन्छ। कुनै पनि रोगमा कडा रूप नलिँदासम्म पसलबाटै औषधि किनेर खाने बानी छ हाम्रो। रोगले सिकिस्त नबनाउँदासम्म कामकाज गरिरहने र आराम नगर्ने बानी हामी नेपालीमा छ। जाडो भगाउने भन्दै मद्यपान गर्दा यस संक्रमणले मृत्यु भएकाहरू अधिकांश नियमित रक्सी सेवनकर्ता देखिन्छन्। यस्तो भूल गर्नु हुँदैन।

हाल देखिने सामान्य रुघाखोकी, ज्वरो जस्ता समस्यामा चिकित्सकीय सल्लाहबिना औषधि खाँदा सिटामोलबाहेक कुनैले काम दिँदैनन्। तर कडा रूपमा समस्या देखिएमा तुरुन्त चिकित्सकीय सल्लाह लिनुपर्दछ।

**रोकथाम**

यस रोगको रोकथामका लागि खोप र उपचारका लागि औषधि उपलब्ध भए पनि महँगो भएकाले नेपालका लागि आकाशको फलसरह भएको छ। तसर्थ संक्रमितदेखि दुई हात वा एक मिटर परै बस्ने, भिडभाड क्षेत्रमा नजाने, जानै परे तिन नभए दुईपत्रे मास्क लगाएर मात्र जाने गर्नुपर्छ। हात मिलाउने, चुम्बन तथा अंकमाल गर्नुको साटो नमस्कार गर्नुपर्छ। जथाभावी सिँगान, खकार, थुक नफ्याँक्ने, हाच्छिउँ गर्दा रुमाल, टिस्यु पेपर वा पाखुराले नाकमुख छोप्ने गर्नुपर्छ। हात राम्रोसँग साबुन पानीले धुने, सम्भव नभए दुई हातलाई आपसमा मज्जाले रगड्ने गर्नुपर्दछ। विना काम नाक, आँखा, मुख नछुने नै रोगबाट बच्ने आधारभूत उपायहरू हुन्। स्वाइन फ्लु रोग प्रतिरोधात्मक क्षमता कम भएर लाग्ने रोग भएकाले बच्न तथा छिटो निको हुन चाहनेले शरीरको रोग प्रतिरोधात्मक क्षमता बढाउने फलफूल र खानेकुरा खानुपर्छ। आफू पीडित भइयो भन्दैमा अरूलाई पीडामा पार्नुहुँदैन। तसर्थ, फ्लु, रुघाखोकी भएकाहरू जमघटबाट टाढा रहनुपर्छ।

अन्तमा, स्वाइन फ्लु हिजो थियो, आज छ र भोलि पनि हुन सक्छ। सामान्य ज्वरो वा रुघाखोकी भएको बेला पनि स्वाइन हुन सक्छ, किनभने, भाइरस संसारभर घुमिरहेको छ। इन्फलुएन्जा फैलिएका बेला यात्रा बन्द गर्नु, शंकास्पदलाई सिमानामा रोक्नु भन्दा सामान्य सरसफाई नै महत्त्वपूर्ण कुरा हो। पन्जा, मास्क, गाउन लगाउनु तथा आँखाको सुरक्षा जस्ता व्यक्तिगत सुरक्षाका उपाय, खोकी र हाच्छिउँका तरिका, व्यक्तिगत सरसफाइ विशेषगरी हात धुने तरिका, भिडभाडबाट टाढा, अनावश्यक यात्रा नगर्नेमा ध्यान दिई सतर्कता अपनाउनु राम्रो हुन्छ। तर, आतंकित नै हुनु पर्दैन किनभने ९९ प्रतिशत संक्रमण आफैं निको हुन्छ।

# बीपी चिन्तन र समाजवादी अर्थनीति



■ राजु पौडेल

राजनीतिमा लगावै नहुने मान्छे पनि बीपीको चिन्तनसँग परिचित छन्। बीपी २०औं शताब्दी वा त्यो समकालीन नेपाली समाजका एक बहुआयामिक व्यक्तित्व थिए। उनको साहित्य उनकै चौथो पुस्ताले समेत निकै रुचिपूर्वक अध्ययन गर्छन्। राजनीतिमा मात्र सीमित भएका हुन्थे भने सायद यो पुस्ताले बीपीलाई बिर्सिसकेको हुने थियो। यसको निश्चित कारण छ। उनको राजनीतिक दर्शन असफल छ भन्ने अर्थ समग्र समाजका लागि न्यायिक आज पनि हुने छैन। ०४६ पछिको चलायमान समयमा उनकै दर्शनमा आधारित पार्टी सधैं केन्द्रीय राजनीतिमा छ। यो समयमा बनेका झन्डै दुई दर्जनमध्ये अधिकांश सरकारको नेतृत्व उनकै आदर्श र सिद्धान्तको किरिया खाएर उनकै उत्तराधिकारको दाबी गर्ने कतिपय उनकै परिवारका कनिष्ठ सदस्य वा कतिपय बाहिरका व्यक्तिले सम्हालेका छन्। यो अनुकूल वातावरणमा समेत दिग्भ्रमित बनेको समाजवादी राजनीतिक चिन्तन र समाजवादी अर्थनीति बीपीलाई बिर्साउने कुचेष्टा मात्र हो। यद्यपि, उनका जीवन्त दर्शनले उनी त सधैं स्मरणीय छन् नै, पार्टीको अस्तित्वसमेत आजसम्म बाँचेको छ।

४०औं मेलमिलाप दिवश भर्खर सकिएको छ। त्यो दिवशको आधारभूत उद्देश्य उनकै दर्शनलाई सर्वोपरि उच्चस्थानमा राखेर राजनीति गर्ने पार्टीको अन्तरपार्टी अभ्यासमा पुन:स्थापित गराउने यक्ष चुनौतीसँग जोडिएको छ। आसन्न १३औं महाधिवेशनको पूर्व सन्ध्यामा राजनीतिमा असंलग्न स्वतन्त्र अध्येताले बीपीको समाजवादी कार्यक्रमलाई दोहोऱ्याएर पढ्ने छन्। तर, खाँट्टी कांग्रेस ठहरिन यो पढ्न जरुरी छैन, कुनै गुट वा उपगुटको चर्को बिग्रह सम्हाल्ने ल्याकत निर्माण गरे पुग्छ।

सायद संवत् ३०को दशकमा हुनुपर्छ मुम्बईमा हिन्दुस्तानका वरिष्ठ चिकित्सकहरूको सम्मेलन समापनको अवसरमा आयोजित भोजमा बीपी आमन्त्रित थिए। बीपीले त्यहाँ उपस्थित चिकित्सकलाई सोधे, 'हामी सरकारमा आयौं भने नेपालको स्वास्थ्य अवस्थामा सुधार ल्याउन के गर्नुपर्छ होला ?' चिकित्सकले भने, 'यहाँ ८० देखि ८५ प्रतिशत रोगको एक मात्र कारण दूषित पिउने पानी हो। नेपाल यो जोखिमबाट प्राकृतिक रूपले नै मुक्त छ। घर-घरमा शुद्ध पिउने पानीको व्यवस्था मिलाइदिनु हिन्दूस्तानले भोगेको ८५ प्रतिशत चुनौती तपाईंकहाँ १५ प्रतिशतमा सीमित हुने छ।' बीपीको समाजवादी चिन्तनको पाँचौं प्राथमिकतामा परेको जनस्वास्थ्यसँग सम्बन्धित यो मुद्दा सम्बोधनमा उनले परिकल्पना गरेको करोडौंको महत्त्वाकांक्षी परियोजनालाई त्यसपछि सरकारमा आएको दश वर्षभित्रमा गाउँगाउँमा स्वच्छ पिउने पानीको व्यवस्था गरिने छ भन्नेमा रूपान्तरण गरे। बीपीको समाजवादी चिन्तनअन्तर्गतको चौथो कार्यक्रम शिक्षा हो। स्थानीय प्रतिभाको परिचालन गर्दै कम्तीमा माध्यमिक विद्यालयसम्मको अध्ययनको उद्देश्यले गाउँगाउँमा विद्यालय शिक्षाको भौतिक संरचना निर्माणको प्राथमिकता सूची तय गरे।

**देशलाई धनी बनाउने एक मात्र विकल्प देशमा उपलब्ध साधन, स्रोत र श्रमको यथोचित परिचालन गर्दै स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्नाले यो समस्याको हल निस्किन्छ भन्ने बुझेका बीपीले विकास अर्थशास्त्रको मान्यतालाई पछ्याएको देखिन्छ। तर, त्यो क्षमताको दोस्रो/तेस्रो पुस्ता उनले उनकै पार्टीमा जन्माउन सकेनन्, जन्मेका भए पनि कार्यकर्ताको पंक्तिले त्यो गुण पहिचान गर्न सकेन वा हुर्काउने आवश्यकता महसुस गरेनन्।**

मान्छेका न्यूनतम आधारभूत आवश्यकताका क्षेत्र गाँस, बास र कपासलाई क्रमश: पहिलो, दोस्रो र तेस्रो प्राथमिकताको सूचीमा सूचीकृत गरेका छन्। देशका उपभोक्ताले आफ्नै पाखा पखेरामा अन्नबाली उब्जाउन सक्ने आधारभूत संरचना सिँचाइ उन्नत बिउ-बिजन र मलको व्यवस्थापन राज्यको दायित्वमा हुने छ। बासको व्यवस्था स्थानीय उत्पादनमा आधारित होस्। आयातीत वस्तुले आफ्नो निवास झकिझकाउ बनाउनु भन्दा पुरानो जंगल फाँडी रूख बिरुवा रोपौं, नयाँ जंगल लगाऔं भन्ने विकल्प खुलाइदिएका छन्। त्यतिखेरको किसानले बाहुबल बजारेर स्थानीय पाखाबारीमा उत्पादन गरेको कच्चा खाद्यान्न सस्तो मूल्यमा विदेश निर्यात हुन्थ्यो। उनको समाजवादी चिन्तनमा सस्तोमा निर्यात हुने त्यो खाद्यान्नलाई विदेश निर्यात गर्नुको सट्टा त्यही समुदायमा विनिमय गरेर ससाना कुटिर कपडा उद्योगधन्दा कलकारखानाको विकास गर्न सुझाएका छन्।

जुनसुकै विश्वमा मान्छेलाई बचाउने आधार यिनै हुन। राज्यले दायित्व लिने क्षेत्र पनि यिनै हुन्। समय परिवर्तनशील छ। अहिलेको युग निर्बाध उपभोगवादी युग हो। भौतिक प्रतिष्पर्धामा उत्रिएको समाजका मागसमेत परिवर्तनशील प्रकृतिका हुन्छन्। यी आवश्यकताका क्षेत्रलाई परिस्कृत गरेर समयानुकूल समायोजन गर्ने बाँचेका उत्तराधिकारीहरूको कर्तव्य हो। आधारभूत आवश्यकता पूर्तिका लागि देशका नागरिक घर भन्दा टाढा जानु नपरोस् भन्ने बीपी चिन्तनको मुख्य सुन्दरता हो। मेरो देश अन्य देशको तुलनामा किन गरिब छ ? देशलाई धनी बनाउने एक मात्र विकल्प देशमा उपलब्ध साधन, स्रोत र श्रमको यथोचित परिचालन गर्दै स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्नाले यो समस्याको हल निस्किन्छ भन्ने बुझेका बीपीले विकास अर्थशास्त्रको मान्यतालाई पछ्याएको देखिन्छ। तर, त्यो क्षमताको दोस्रो/तेस्रो पुस्ता उनले उनकै पार्टीमा जन्माउन सकेनन्, जन्मेका भए पनि कार्यकर्ताको पंक्तिले त्यो गुण पहिचान गर्न सकेन वा हुर्काउने आवश्यकता महसुस गरेनन्।

यो लुकाउन आवश्यक छैन, बीपीको पूरा प्रेरणा गान्धीवादी दर्शन हो। गान्धीले नागरिकको आर्थिक सम्पन्नता र राजनीतिक स्वतन्त्रतालाई सँगसँगै व्याख्या गरेका छन्। यी दुवै कुरामा बीपी बढ्ता महत्त्वकांक्षी हुँदै गर्दा उनी भौतिक जीवनको उत्तरार्द्धमा आइपुगेका थिए। उनको देहावसानको केही समय अन्तरालमा राजनीतिक स्वतन्त्रता प्राप्त भयो। चुनौतीपूर्ण बन्दै गरेको नागरिकको आर्थिक सम्पन्नताको मुद्दा कार्यान्वयनको व्यग्र प्रतीक्षामा थियो। बीपीको समाजवादी अर्थनीति अब लागु हुन्छ कि भनेर प्रतीक्षामा बसेका आममतदाताले 'चम्चाले दुध बाँड्नु हुँदैन' भन्ने बीपीको भनाइलाई मधुरो गरी सिंहदरबारमा बजाइएको सुन्ने कुरै भएन। ढाँचागत समायोजनको आवरणमा २०४२ मै पश्चिमा मुलुकहरूले सार्वजनिक संस्थानलाई निजीकरण गर्न तात्कालीन राजा वीरेन्द्रलाई शृंखलाबद्ध चर्को दबाब सिर्जना गरेका थिए। राजकीय कूटनीतिक भाषामा राजाले थमाउँदै आएको सो प्रस्तावलाई हेर्ने जिम्मेवारीमा पश्चिमा मुलुकबाट शिक्षित-दीक्षित पात्र सिंहदरबार परिसरमा टुप्लुक्क देखापरे। अब पश्चिमा मुलुकलाई 'केखोज्छस् काना, आँखो' भनेजस्तो भइगयो। ०४८ सालबाट प्रारम्भ भएको सार्वजनिक संस्थान निजीकरणको अभियान ०५२ सम्म आइपुग्दा निर्बाध निजीकरण नामले पुकारिन थालेको थियो। यसरी निजीकरण भएका एकाधबाहेक अन्य सबै सार्वजनिक संस्थान कुनै धनाढ्य व्यक्तिको नियन्त्रणमा पुगेका छन्। यीमध्ये नगन्य मात्र नाफामा सञ्चालित छन्।

बीपीले लेखेका छन्, '९९ दशमलव ९ प्रतिशत मुद्दा निजी सम्पति आर्जनको मोहमा भएका छन्।' 'चम्चाले दुध बाँड्नु हुँदैन' यो भनाइको प्रसंग बुझ्ने कसले हो ? बुझाउने कसले हो ? बीपी दर्शन र भनाइमा ०१७ सालअघि र त्यसपछिको बुझाइ फरक छ। मुलुकको धरातलीय वास्तविकता बीपीले ०१७ सालपछि पकडेका छन्। भोग-विलास, घाटा-नाफा, लोभ-आशक्ति अहिलेको मात्र होइन, नेपालको मात्र पनि होइन, सदीयौंको समाजको मुख्य प्रवृत्ति हो। त्यसैले यसमा नियन्त्रण गर्न र विपन्न समुदायलाई सुशासन दिलाउन दर्शन प्रतिपादन भएका छन्। राज्य र सरकारको परिकल्पना गरिएको छ। गरिबलाई झन्झन् गरिब बनाउने अर्थप्रणाली बीपीको समाजवादी अर्थनीतिले परिकल्पना गरेकै छैन। आसन्न १३ औं महाधिवेशनले ती दोषीको खोजी गरोस्, जसले बीपी दर्शन बेचेर निर्वाचित भए र उनैलाई बदनाम तुल्याए।

उत्तर कोरियाको हाइड्रोजन बम परीक्षण

# अमेरिका, दक्षिण कोरिया र जापानद्वारा संयुक्त जवाफ फर्काउने चेतावनी

**एजेन्सी**
न्युर्योक, २३ पुस

उत्तर कोरियाले हाइड्रोजन बम सफलतापूर्वक परीक्षण गरेको दाबीलाई अमेरिका, दक्षिण कोरिया र जापानले संयुक्त रूपमा जवाफ फर्काउने भएका छन् ।

प्योङयाङले बुधबार हाइड्रोजन बम परीक्षण गरेको दाबी गरेको थियो । यदि कोरियाली दाबी सत्य हो भने प्योङयाङले अहिलेसम्म चारओटा आणविक परीक्षण गरेको ठहरिनेछ। तर, हाइड्रोजन बम भने पहिलो परीक्षण हो ।

राष्ट्रसंघीय सुरक्षा परिषद्ले उत्तर कोरियाविरुद्ध नयाँ कदम चाल्ने जनाएको छ । तर, उत्तर कोरियाले सो परीक्षण गरे नगरेको विषयमा भने विभिन्न शंका उपशंका यथावत् नै रहेको जनाइन्छ। विज्ञका अनुसार विस्फोटकले सिर्जना गरेको भूकम्पीय धक्का कुनै ठुलो होइन ।

उत्तरले गरेको आणविक परीक्षणलाई लिएर अमेरिकी राष्ट्रपति बाराक ओबामा र दक्षिण कोरियाली राष्ट्रपति पार्क गिउन हाय तथा जापानका प्रधानमन्त्री सिन्जो अबेसँग छुट्टाछुट्टै टेलिफोन संवाद गरेको प्राप्त समाचारमा जनाइएको छ ।

उत्तर कोरियाको अविवेकी स्वभावविरुद्ध एकत्रित र कडा अन्तर्राष्ट्रिय जवाफ फर्काउने विषयमा सहमति भएको ह्वाइटहाउसद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

'उत्तर कोरियाको उत्तेजक कार्य अस्वीकार्य छ भन्ने विषयमा हामीबिच सहमति भएको छ, राष्ट्रसंघको सुरक्षा परिषद्सँग सहकार्य गरेर यस अवस्थालाई दृढ ढंगले जवाफ दिने छौं,'



प्रधानमन्त्री सिन्जो अबेले जापानमा सञ्चारकर्मीसँग भने ।

जापानले उत्तरविरुद्ध एक पक्षीय कदम लिन सक्ने संकेतसमेत प्रधानमन्त्री अबेले गरे । हाइड्रोजन बमको विकिरणको असर जापानमा नदेखिएको टोकियोले जनाएको छ ।

जापानले गरेको अनुसन्धानबाट उसको क्षेत्रमा विद्यमान विकिरणको तहमा कुनै परिवर्तन नभएको बताइएको छ । जापान उत्तर कोरियाको छिमेकी देश भएकोले उत्तर कोरियाले गर्ने यस्ता आणविक परीक्षणका कारण निकै संवेदनशील बन्ने गर्छ ।

यसअघि पनि उत्तर कोरियाले फ्याकेका क्षेप्यास्त्रका कारण जापानले निकै तनाव दिएको अभिव्यक्ति राख्दै आएको थियो ।

दक्षिण कोरियाली राष्ट्रपति पार्क र अमेरिकी राष्ट्रपति ओबामाबिच सहकार्य गर्ने विषयमा सहमति भएको र प्योङयाङले उसको व्याबार अनुसारको मूल्य चुकाउनु पर्ने विषयमा अन्तर्राष्ट्रिय समुदायले सुनिश्चित गर्नुपर्ने दक्षिणको योनहाप समाचार संस्थाले जनाएको छ । राष्ट्रसंघको सुरक्षा परिषद्को बुधबार आकस्मिक बैठक बसेर सो परीक्षणको निन्दा गरेको थियो । परीक्षण दाबीलाई 'अन्तर र्राष्ट्रिय शान्ति र सुरक्षा' विरुद्ध एउटा स्पष्ट धम्की भएको समेत परिषद्ले ठहर गरेको थियो । यसैबिच, राष्ट्रसंघका लागि जापानका राजदूत मोटोहाइड योसिकावाले तीव्र र स्वस्थ राष्ट्रसंघको प्रस्तावको आह्वान गरेका छन् ।

# कास्मिरका मुख्यमन्त्रीको निधन

**एजेन्सी**
नयाँ दिल्ली, २३ पुस

भारत प्रशासित कास्मिरका मुख्यमन्त्री मुफ्ती मुहम्मद सइदको ७९ वर्षको उमेरमा बिहीबार निधन भएको समाचार छ । उनी बिरामी भएपछि नयाँ दिल्लीस्थित अल इन्डिया इन्स्टिच्युट अफ मेडिकल साइन्सेज्मा उपचार गराइरहेका थिए ।

उपचाररत उनको बिहीबार बिहान निधन भएको समाचार सो अपस्पतालले दिएको बताइएको छ। उनी भारतको एकजना लोकप्रिय मुस्लिम नेताका रूपमा परिचित थिए। श्वासप्रश्वाससम्बन्धी समस्या देखिएपछि सइदलाई गत साता नयाँ दिल्लीको सो अस्पतालमा भर्ना गरिएको थियो ।

उनी सो राज्यमा दुई पटक मुख्यमन्त्री भएका थिए । सन् २००२ देखि सन् २००५ सम्म पहिलो पटक र पछिल्लो पटक गत मार्च महिनादेखि सो पदमा चयन भएका थिए ।



उनले भारत शासित कास्मिरलाई बढी स्वायत्तता दिनुका साथै पाकिस्तानसग वार्ता गरी सीमा विवाद सुल्झाउनुपर्ने पक्षको वकालत गर्दै आएका थिए । विवादित कास्मिरका विषयमा दुई देशबिच ३ पटक युद्ध भइसकेको छ । उनको मृत्युसँगै सो क्षेत्रमा राजनीतिक अनिश्चिता आउनसक्ने पनि आसंका गरीएको छ ।

उनी भारतको पहिलो मुस्लिम गृहमन्त्रीका रूपमा पनि चयन भएका थिए । सन् १९८९ मा सइद भारतको गृहमन्त्री बनेका थिए। उनी गृहमन्त्री भएकै समयमा छोरीलाई कास्मिरका हतियारधारीले अपहरण गरेका थिए ।

पछि पाँचजना मुस्लिम हतियारधारीलाई जेलबाट मुक्त गरेपछि मात्र उनकी छोरीलाई छोड्ने सर्त उनीहरूले राखेपछि सरकारले ती बन्दीलाई छोडेको थियो । उनका श्रीमती, तिन छोरी र एक छोरा रहेका छन्। उनकी ५६ वर्षीया छोरी मेहबोबा उत्तराधिकारी हुने अनुमान गरिएको छ ।

# लिबिया बम आक्रमणमा ६५ को मृत्यु



**एजेन्सी**
त्रिपोली, २३ पुस

लिबियामा भएको बम आक्रमणमा कम्तीमा ६५ जनाको मृत्यु भएको छ। लिबियाको राजधानी त्रिपोलीबाट करिब १ सय ६० किलोमिटर पूर्वमा रहेको जिलिटेन सहरमा रहेको प्रहरी तालिम केन्द्रको गेटमा बम राखिएको ट्रक ठोक्काइ विस्फोट गराइएको प्रहरी अधिकारीले जानकारी दिएका छन् ।

जिलिटेन सहरका मेयर मिफताह लाहमादीलाई उल्लेख गर्दै अन्तर्राष्ट्रिय सञ्चार माध्यमले दिएको जानकारीअनुसार प्रहरी तालिम केन्द्रमा भर्नाका लागि सयौं जम्मा भएको समयमा भएको सो विस्फोटका कारण दर्जनौं घाइते भएका छन । उक्त सहरमा रहेको अस्पतालका निर्देशक अब्देल मोटलेब बिन हालिमका अनुसार विस्फोटबाट कम्तीमा १ सय २७ जना घाइते भएका छन् ।

पछिल्लो समाचार अनुसार विस्फोटपछि स्थानीय चारओटा अस्पतालमा आपत्कालीन घोषणा गरिएको छ । लिबियाका लागि राष्ट्रसंघीय विशेष प्रतिनिधि मार्टिन कोब्लेरले सो विस्फोट आत्माघाती भएको बताए । सो विस्फोटको अहिलेसम्म कसैले पनि जिम्मेवारी लिएको छैन ।

यसैबिच, लिबियाको सबैभन्दा ठुलो तेल बन्दरगाहमा सरकारी सेना र स्लामिक स्टेटका लडाकुहरूबिच भएको भिडन्त पछि फैलिएको आगो पाँचओटा तेल भण्डारण ट्यांकसम्म फैलिएको बताइएको छ । सुरक्षाबलका प्रवक्त अलि अल हास्सीका अनुसार सोमबार र मंगलबार भएको भिडन्तमा नौजना सेना घाइते हुनुका साथै ४० बढी घाइते भएका थिए ।

लडाकुतर्फ भएको क्षतिको बारेमा भने कुनै विवरण आएको छैन । सन् २०११ को आन्दोलनपछि लिबिया द्वन्द्वमा फसेको थियो । सरकार र शक्तिशाली लडाकुबिच मुख्य सहर र तेलखानी आफ्नो नियन्त्रणमा लिनका लागि भिडन्त जारी रहेका छन् ।

## यमनस्थित दूतावासमा साउदीले आक्रमण गऱ्यो : इरान

**एजेन्सी**
तेहरान, २३ पुस

इरानले यमनको राजधानी सानास्थित आफ्नो दूतावासमा साउदी नेतृत्वको गठबन्धनले नियोजित रूपमा बम आक्रमण गरेको आरोप लगाएको छ ।

साउदी अरबले सिया धार्मिक गुरु निम्रलाई आतंकवादी समूहसँग साँठगाँठ गरेको आरोपमा फाँसीको सजाय दिएपछि दुई देशबिच सम्बन्धमा तनाव उत्पन्न भएको छ ।

सोही तनावका बिच सो फाँसीको विरोधमा इरानीले तेहरानमा रहेको साउदी दूतावासमा प्रवेस गरी तोडफोड गर्नुका साथै आगजनी गरेपछि साउदीले इरानसँगको कूटनीतिक सम्बन्ध विच्छेद गरेको घोषणा गरिसकेको छ ।

इरानको सरकारी सञ्चार माध्यमले विदेश मन्त्रालयका प्रवक्ता हुस्सेन जाबेर अन्सारीलाई उल्लेख गर्दै सो आक्रमणमा केही कर्मचारी घाइते भएको जनाएको छ ।

अन्सारीले साउदीको नियोजित आक्रमणले कूटनीतिक नियोगको सुरक्षा गर्नुपर्ने अन्तर्राष्ट्रिय सन्धिको उल्लंघन गरेको आरोप पनि लगाए ।

इरान समर्थित हुती विद्रोहीका विरुद्ध आक्रमण थालेको साउदी नेतृत्वको गठबन्धनका सेनाले बिहीबार दर्जनौं हवाई आक्रमण गरेको सानाका बासिन्दाले जानकारी दिएका छन् ।

गठबन्धनका प्रवक्ता ब्रिगेडियर जनरल अहमेद अस्सेरीले हवाई आक्रमण विद्रोहीका क्षेप्यास्त्र भेदी बाहन रहेको क्षेत्रमा गरिएको र विद्रोहीले अलपत्र छाडिएको दूतावासलाई आधार बनाएर आक्रमण गरेको दाबी गरेका छन् ।

उनले इरानले लगाएको आरोप बारेमा पनि अनुसन्धान गरिने पनि जानकारी दिए । उनले विद्रोहीले सर्वसाधारणका साथै अलपत्र छाडिएका दूतावास भवनलाई प्रयोग गरी लडाइँ जारी राखेको दाबी गरे ।

## सन् २०१५ मा ११ लाख शरणार्थी जर्मनी प्रवेश

**एजेन्सी**
बर्लिन २३ पुस

सन् २०१५ मा ११ लाख शरणार्थी जर्मनी प्रवेश गरेका छन् । 'गृह मन्त्रालयको तथ्यांकअनुसार सन् २०१५ भरी जर्मनीमा ११ लाख शरणार्थी आइपुगेका छन्,' जर्मनीका गृहमन्त्री थोमस डे मिजियरले भने ।

यो जर्मनीमा प्रवेश गरेका शरणार्थीका रूपमा विश्वयुद्धपछि यहाँ आउने आप्रवासीको सबैभन्दा ठुलो संख्या हो ।

यहाँ आउने करिब ४० प्रतिशत नयाँ आप्रवासी द्वन्द्वग्रस्त मध्यपूर्वी मुलुक सिरियाका नागरिक भएको जर्मनीको सरकारी तथ्यांकले देखाएको छ । यसैगरी यहाँ आइपुग्ने दोस्रो धेरै शरणार्थी संख्यामा अफगानी नागरिकक भएको जनाइएको छ ।

बढ्दो आप्रवासीको आवागमनलाई संख्या, आवास तथा खाद्यान्नको व्यवस्था गर्न स्वयम्सेवक बाहेक करिब चार हजार नयाँ कर्मचारीको व्यवस्था सन् २०१६ मा गर्ने गृहमन्त्री मिजियरले बताए ।

जर्मन सरकारले शरणार्थी व्यवस्थापनका लागि प्रतिमहिना प्रतिव्यक्ति ८१९.८ अमेरिकी डलरको सहायताको घोषणा गरेको छ ।

जर्मनीले नयाँ शरणार्थी प्रवेशलाई व्यापक रूपमा नियन्त्रण गर्न सबै किसिमका कानुनको व्यवस्था गर्न लागेको पनि गृहमन्त्री मिजियरले बताए ।


नेपाल सरकार
कृषि बिकास मन्त्रालय
पशु सेवा बिभाग
जिल्ला पशु सेवा कार्यालय कैलाली

**बोलपत्र आव्हान सम्बन्धि सूचना**

(प्रथम पटक प्रकाशित मिति : २०७२/९/२४)

यस कार्यालय अन्तरगत पशु सेवा केन्द्र "क" मसुरियाको भवन निर्माण कार्य बोलपत्र प्रथाद्धारा गराउनु पर्ने भएकोले नेपाल सरकारवाट ईजाजत प्राप्त नेपाली निर्माण व्यावसायीहरुको लागि निम्न सर्तको अधिनमा रहि रितपुर्वकको सिलबन्दी बोलपत्र आव्हान गरिन्छ ।

१. बोलपत्र प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन भित्र रु. १०००।० (फिर्ता नहुने गरि) बुझाई खरिद गर्न सकिनेछ ।

२. बोलपत्र खरिद गर्दा आ.व. ०७१/७२ सम्मको करचुक्ता पत्र तथा स्थाई लेखा नम्बर (VAT) दर्ता प्रमाण पत्रको प्रतिलिपि, फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपि संलग्न राखि निबेदन पेश गरि यस कार्यालय तथा को.ले.नि.का. कैलालीबाट खरिद गर्न सकिनेछ ।

३. खरिद भएको बोलपत्र प्रष्टसंग भरि निर्माण व्यावसायीले प्रत्येक पानामा सहिछाप गरि सिल्वन्दी गरि खाम वाहिर फर्मको नाम, ठेगाना र कामको नाम प्रष्टसंग लेखि ३१ औं दिनको १.०० बजे भित्र दर्ता गर्नु पर्नेछ र सो दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोली पल्ट सोही समय भित्र यस कार्यालयमा दर्ता गराउनु पर्नेछ । दर्ता भएका बोलपत्रहरु सोही दिनको २.०० बजे उपस्थित बोलपत्र दाताहरु तथा सरोकारवाला प्रतिनिधिहरुको रोहवरमा यसै कार्यालयमा खोलिनेछ । बोलपत्र दाताहरु तथा निजको प्रतिनिधिको उपस्थिती नभएमा पनि बोलपत्र खोल्न वाधा पर्नेछैन ।

४. बोलपत्रसाथ धरौटी रकम बापतको रु. ६८०००।० नेपाल राष्ट्र बैंक धनगढी स्थित कोष तथा लेखा नियन्त्रक कार्यालय कैलालीको नाममा रहेको एकल धरौटी खाता नं. २२०१२००/००१/००२/५२४ ख ३ मा जम्मा गरेको सक्कलै भौचर वा सो रकम बराबरको यस कार्यालयको नाममा जारी गरिएको मान्यता प्राप्त वाणिज्य बैंकको कम्तिमा १२० दिन अवधिको विड बण्ड (जवानी पत्र) पेश गर्नु पर्नेछ ।

५. बोलपत्र स्वीकृत भएपछि ठेक्का अंकको ५ प्रतिशतले हुन आउने रकमको नगद बैंक भौचर वा सो बराबरको कम्तिमा १३ महिनाको लागि मान्य हुने परफरमेन्स बण्ड पेश गर्नु पर्नेछ ।

६. बोलपत्र सर्त रहित भरसक केरमेट नभएको, कार्यालयले उपलब्ध गराएको बोलपत्र पुस्तिकामा कुनै थपघट वा द्रष्टब्य नखुलेको हुनुपर्नछ ।

७. समय भित्र प्राप्त नभएको, रित नपुगेको तथा सुचनाका सर्त बिपरित पेश भएको बोलपत्र माथि कारवाही हुने छैन ।

८. बोलपत्र खरिद वा दर्ता गर्ने फर्महरुले निर्माण स्थल र कामको सम्बन्धमा राम्ररी बुझि बोलपत्र भरेको मानिनेछ ।

९. एक व्यक्ति वा फर्मको नाममा खरिद भएको बोलपत्र अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाईने छैन ।

१०. बोलपत्र भर्दा दररेट स्पष्ट रुपमा अंक र अक्षरमा उल्लेख गर्नु पर्नेछ । अक्षर र अंक फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

११. भवन निर्माण कार्य २०७३ असार २५ गते भित्र सम्पन्न गरि सक्नु पर्नेछ । यदि उक्त समय भित्र निर्माण कार्य सम्पन्न नभएको कारणबाट ठेक्का रकम आ.व. को अन्त सम्म पनि भुक्तानि गर्न नसकिएमा सोको जिम्मेवारी स्वयं निर्माण कर्ताको हुनेछ ।

१२. कुनै पनि कारण जनाई वा नजनाई सम्पुर्ण र आन्सिक रुपमा ठेक्का स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ र बोलपत्र सम्वन्धि कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र कार्यालय मा सम्पर्क राखि बुझ्न सकिनेछ ।

१३. यसमा लेखिएको हकमा यसै सुचना अनुसार र यस सुचनामा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ र अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

१४. यस सुचनामा कुनै संशोधन भएमा त्यसको जानकारी यस कार्यालयको सुचना पार्टिमा टांस गरिनेछ ।

**कामको बिवरण निम्नानुसार रहेकोछ ।**

| ठेक्का नं. | कामको विवरण | ल.ई. (कन्टीजेन्सीर भ्याट बाहेक) | धरौटी रु. |
|---|---|---|---|
| १/२०७२/०७३ | पशु सेवा केन्द्र क मसुरियाको भवन निर्माण | २२,८७,८९७२४ | ६८०००।० |

वर्गीकृत डिस्प्ले
सिधा सम्पर्क : ५५४६३००, ५५४१०३०/४० Ext : १०२
E-mail : rajdhanimarketing76@gmail.com / rajdhani_marketing@yahoo.com

**राहदानी हरायो**
मिति २०७२/५/२ गते हुलाकचोकदेखि खानेपानीसम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।
नाम : प्रेम कुमार तामाङ
राहदानी नं.: ०८६११८९८
ठेगाना : गुन्जानगर-५, चितवन
सम्पर्क : ९८०७१३४५२

**राहदानी हरायो**
मिति २०७२/९/२३ गते कलंकीदेखि नयाँ बसपार्कसम्म जाँदा मेरो निम्न व्यहोराको राहदानी हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा फोन नं.: ९८०३८९८११२ मा खबर गरिदिनुहोला ।
राहदानी नं: ०६१११३३४
नाम थर : कृष्ण प्रसाद पौडेल
ठेगाना : शुक्लगण्डकी नगरपालिका-१३, तनहुँ

**राहदानी हरायो**
मिति २०७२/६/२ गते चौबिसकोटीदेखि मालपोतचोकसम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।
नाम : प्रदिप तामाङ
राहदानी नं.: ०८२७७५२
ठेगाना : भरतपुर-४, चितवन

**राहदानी हरायो**
मिति २०७२/९/१७ गते चौबिसकोटीदेखि मालपोतचोकसम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।
नाम : सूर्य बहादुर गुरुङ
राहदानी नं.: ०६१४४७३६
ठेगाना : माडी-८, चितवन

**राहदानी हरायो**
मिति २०७२/७/२२ गते पारसबसपार्कदेखि चौबिसकोटीसम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।
नाम : दिपेन्द्र चौधरी
राहदानी नं.: ०८६१४१७९
ठेगाना : बैरहनी-१, चितनव

**राहदानी हरायो**
मिति २०७२/६/१४ गते नेपालगन्जको धम्बोझीचोक देखि बसपार्कसम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।
नाम : कर्ण बहादुर रावत
राहदानी नं.: ४३९१६६९
ठेगाना : बागेश्वरी-९, बाँके

**राहदानी हरायो**
मिति २०७२/६/१४ गते बाँकेको उदयपुरदेखि नेपालगन्जसम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।
नाम : मो. जियाउल हक खाँ
राहदानी नं.: ०६८६९५०३
ठेगाना : उदयपुर-३, बाँके

**माइग्रेसन हरायो**
मिति २०७२/९/१५ गते विराटनगरबाट इटहरी जाने क्रममा निम्न व्यहोरा भएको माइग्रेसन (सर्टिफिकेट) हराएकोले पाउनु हुने महानुभावले तलको ठेगाना वा नजिकैको प्रहरी कार्यालयमा बुझाई दिनुहुन अनुरोध छ ।
नामथर: जितेन्द्रप्रसाद दास
ठेगाना: हनुमाननगर-१, सप्तरी
सम्पर्क :९८१२३८०६६९

**राहदानी हरायो**
मिति २०७२/८/१५ गते पर्साको मिलनचौकदेखि जितपुर बजारसम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।
नाम : सद्दाम हुसेन
राहदानी नं.: ०५५९६१८७
ठेगाना : बिरुवागुठी-२, पर्सा
सम्पर्क : ९८४५७८६६६१

# जिम्बाबेविरुद्धको सिरिज अफगानिस्तानलाई

**सारजाह/एजेन्सी–** जिम्बाबेविरुद्धको महत्त्वपूर्ण एकदिवसीय सिरिजमा अफगानिस्तान विजयी भएको छ। गुलबदीन नाइबको उत्कृष्ट पारीमा उसले जिम्बाबेलाई ३-२ ले पराजित गऱ्यो। जितपछि अफगानिस्तानले एकदिवसीय वरीयतामा शीर्ष १० मा स्थान कायमै राख्न सफल भयो।

सुरुका २ खेल जितेको अफगानिस्तानले तेस्रो र चौथो एकदिवसीयमा लगातार हार बेहोरेपछि अन्तिम एकदिवसीयमा दुवैका लागि जित आवश्यक थियो। जसमा अफगानिस्तानलाई शीर्ष १० मा रहनका लागि पनि जित निकाल्नैपर्ने थियो। यस्तोमा अफगानिस्तान सफल रह्यो।

यूएईको सारजाह क्रिकेट स्टेडियममा जिम्बाबेले जितका लागि अफगानिस्तानसामु २ सय ४९ रनको लक्ष्य प्रस्तुत गरेको थियो।



अफगानिस्तानले नाइबको उत्कृष्ट पारीको मद्दतमा अन्तिम २ बल बाँकी छँदा ८ विकेट गुमाएर लक्ष्य भेट्टाउँदै सिरिज आफ्नो नाममा पार्न सफल रह्यो। अफगानिस्तानको जितमा नाइबले ६८ बलको सामना गर्दै ६ छक्का र ३ चौकाको मद्दतमा अविजित ८२ रन बनाए। यो उनको अन्तर्राष्ट्रिय करिअरकै सबैभन्दा राम्रो इनिङसमेत हो।

अन्तिम ओभरमा अफगानिस्तानलाई १० रन चाहिएको अवस्थामा नाइबले पहिलो बलमा २ रन लिए। दोस्रो बल वाइड भएपछि अर्को बलमा नाइबले चौका हाने। तेस्रो बलमा २ रन जोड्दै स्ट्राइक आफैंसँग राखेका उनले चौथो बलमा छक्का प्रहार गर्दै अफगानिस्तानलाई जित दिलाए।

यसअघि, पहिले ब्याटिङ गरेको जिम्बाबेले ह्यामिल्टन मसकदजाको शतकीय पारीमा २ सय ४८ रनको सम्मानजनक पारी खेल्यो। अन्तिम बल खेल्नुअघि सबै विकेट गुमाएको उसका लागि मसकदजाले १ सय ११ बलमा १ सय १० रन बनाउँदै टिमलाई सम्मानजनक अवस्थामा पुऱ्याए। अन्यले भने खासै गतिलो प्रदर्शन गर्न सकेनन्।

# आर्चरीमा गुरुङ निर्विरोध

**काठमाडौं/रास–** नेपाल आर्चरी संघको अध्यक्षमा दीपक गुरुङ बिहीबार निर्विरोध निर्वाचित भएका छन्। आर्चरी संघको तेस्रो अधिवेशनले अघिल्लो कार्यसमितिका महासचिव गुरुङको अध्यक्षतामा १३ सदस्यीय केन्द्रीय कार्यसमितिको समेत निर्विरोध चयन गऱ्यो।



वसन्त थकाली र कर्म गुरुङ उपाध्यक्षमा सर्वसम्मत चुनिए। सचिवको जिम्मेवारी सम्हाल्दै आएका रमेशप्रसाद सिवाकोटी महासचिवमा पदोन्नति भए। योगेन्द्र शेरचनले सचिव तथा भरतकुमार गुरुङले कोषाध्यक्षको जिम्मेवारी पाए।

किशोरकुमार गुरुङ, झबलिङ गुरुङ, विनोदकुमार श्रेष्ठ, देवराज पाण्डे, नरेन्द्र डंगोल, कृष्णामाया स्याङ्तान तथा महेन्द्र ताङवे गुरुङ सदस्यमा चयन भए।

उनीहरूलाई राष्ट्रिय खेलकुद परिषद् (राखेप) अन्तर्गत संघ संस्था समन्वय शाखाका प्रमुख एवं प्रमुख निर्वाचन अधिकृत डेमबहादुर बस्नेतले प्रमाण पत्र वितरण गर्नाका साथै शपथ खुवाए। त्यसअघि, साधारण सभाको नेपाल ओलम्पिक कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठले उद्घाटन गरेका थिए।

उद्घाटनका अवसरमा आर्चरी संघले आर्चरी खेलको विकास र विस्तारमा योगदान पुऱ्याएबापत किशोरकुमार गुरुङ (केके) र पूर्वप्रहरी अतिरिक्त महानिरीक्षक रामकाजी बान्तवालाई सम्मान गरेको थियो। अध्यक्ष श्रेष्ठले उनीहरूलाई सम्मान पत्र प्रदान गरे।


नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभागको सूचना

आर्थिक वर्ष २०७२/०७३ को आयकरको प्रथम किस्ता बुझाउने बारेको अत्यन्त जरुरी सूचना

आर्थिक वर्ष २०७२/०७३ को कारोबारको अनुमानित करको विवरण र आयमा तिर्नुपर्ने प्रथम किस्ताको आयकर वापतको ४०% (प्रतिशत) रकम यही २०७२ पौष मसान्तभित्र ठूला करदाता कार्यालय, सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा दाखिला गरी शुल्क तथा ब्याजबाट बचौं।

"समृद्ध राष्ट्र निर्माण र फराकिलो कराधार, करदाता मैत्री एवं सुदृढ कर प्रणाली पूर्वाधार"


# बैंकक जाँदै साग बास्केटबल टोली



*बिदाइपछि सामूहिक तस्बिर खिचाउँदै बास्केटबल टोली।*

**काठमाडौं/रास–** वैदेशिक प्रशिक्षणका लागि भारतमा हुने १२औं दक्षिण एसियाली खेलकुद (साग) मा सहभागी हुने नेपाली बास्केटबल टोली शुक्रबार थाइल्यान्डको बैंकक जाने भएको छ। पुरुष/महिला गरी २४ खेलाडीसहित २९ सदस्यीय टोली बैंकक जान लागेको हो। पुरुष/महिला खेलाडी संख्या समान १२/१२ रहेको छ।

पुरुष खेलाडीमा आयुश सिंह, सौरभ श्रेष्ठ, सागर थापा, सुशील गुरुङ, सदीश प्रधान, गगनबहादुर महतारा, मविन्द्र भण्डारी, विनोद महर्जन, राजिव जोशी, सोनाम लामा, अशिम श्रेष्ठ तथा विक्रम जोशी रहेका छन्। प्रशिक्षकमा दिनेशचन्द्र नकर्मी, सहायक प्रशिक्षकमा बिकु महर्जन र व्यवस्थापकमा विनोद श्रेष्ठ छन्।

त्यस्तै, महिलामा सदिना श्रेष्ठ, प्रीति तुलाचन, स्नेहा श्रेष्ठ, लुनिभा सिंह, अनुशा मल्ल, ज्ञानु गौचन, एलिना गुरुङ, भावना लामा, सुजाता राई, माया स्याङ्तान, श्रेया खड्का तथा एलिसा मल्ल छन्। प्रशिक्षकमा विकास शाही र सहायक प्रशिक्षकमा नीराजन सत्याल रहेका छन्।

टोलीलाई नेपाल ओलम्पिक कमिटी (एनओसी) अध्यक्ष जीवनराम श्रेष्ठ र नेपाल बास्केटबल संघका अध्यक्षसमेत रहेका राष्ट्रिय खेलकुद परिषद्का उपाध्यक्ष एवं एनओसीका महासचिव लामा टेन्डी शेर्पाले एक कार्यक्रम सातदोबाटोस्थित एनओसी मुख्यालयमा बिदाइ गरे। प्रशिक्षक शाहीका अनुसार टोली करिब १ महिना बैंककमा रहनेछ।

**कबड्डीलाई एकेडेमीको ज्याकेट**

भारतमा हुने १२ दक्षिण एसियाली खेलकुद (साग) मा भाग लिने कबड्डीको पुरुष र महिला टोलीलाई मदन भण्डारी स्पोर्ट्स एकेडेमीले बिहीबार ज्याकेट प्रदान गरेको छ।

समान १२/१२ पुरुष/महिला गरी २४ खेलाडीलाई एकेडेमीका अध्यक्ष एवं सांसद् विनोद श्रेष्ठले ज्याकेट प्रदान गरे।

टोली थप तयारीका लागि भारतको दिल्ली वा कोलकाता जाने बलियो सम्भावना रहेको कबड्डी प्रशिक्षक विमल पोखरेलले जनाएका छन्।



*शेरबहादुर खड्का स्मृति प्रतिष्ठानका अध्यक्ष रञ्जन खड्का सागका महिला भलिबल खेलाडीलाई ट्र्याकसुट प्रदान गर्दै*

सागमा कबड्डीको प्रतिस्पर्धा दोस्रो संस्करणदेखि सुरुआत भएको थियो। दोस्रोदेखि नवौं संस्करणसम्म पुरुषतर्फ मात्र प्रतिस्पर्धा भएको थियो। पुरुष टोलीले तेस्रोमा बाहेक सबैमा सहभागिता जनाएको छ। महिला कबड्डीले पहिलो पटक १०औं संस्करणदेखि प्रवेश पाएको थियो। प्रशिक्षक पोखरेलका अनुसार नेपाली पुरुष र महिला टोलीले हालसम्म १-१ गरी २ कांस्य जितेको छ। दुवै कांस्य ११औं सागमा सम्भव भएको थियो।

**तेक्वान्दो टोली हङकङ प्रस्थान**

२०औं एसियन सिटिज तेक्वान्दो च्याम्पियनसिपमा सहभागी हुन ८ खेलाडीसहित ११ सदस्यीय नेपाली टोली बिहीबार हङकङ प्रस्थान गरेको छ।

९ देखि १० जनवरीसम्म हुने प्रतियोगिताको महिला ८० केजीमा निशा रावल, ६२ केजीमा संगीता बस्याल, ३३ केजीमा सन्जिला तिमल्सिना र ४६ केजीमा एन्जिला योञ्जनले प्रतिस्पर्धा गर्नेछन्।

पुरुषको ६८ केजीमा विकेश बिडारी, ४५ केजीमा प्रनिश गुरुङ र ३३ केजीमा पुजन खड्काले सहभागिता जनाउनेछन्। पुरुषको पुम्सेमा कविराज नेगी लामाले आफ्नो कौशल प्रदर्शन गर्ने छन्।

टोली नेतामा नोर्बु लामा, व्यवस्थापकमा बद्री घिमिरे तथा प्रशिक्षकमा कुमार लामा घिसिङ छन्। टोलीलाई सफलताको शुभकामना दिँदै नेपाल तेक्वान्दो संघका अध्यक्ष प्रकाशशमशेर राणा, मुख्य प्रशिक्षक ध्रुव गुरुङलगायतले बिहीबारै एक कार्यक्रमबिच बिदाइ गरे।

**फुटबल टोलीको बिदाइ**

अखिल नेपाल फुटबल संघ बंगबन्धु गोल्डकप खेल्न बंगलादेश जाने नेपाली राष्ट्रिय फुटबल टिमलाई बिदाइ गरेको छ। राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव केशवकुमार विष्ट, एन्फाका कार्यवाहक अध्यक्ष नरेन्द्र श्रेष्ठ, सीईओ इन्द्रमान तुलाधरलगायतले खेलाडीको बिदाइ गरेका थिए। २३ खेलाडी र ७ अफिसियलको बिदाइ गरिएको हो। टिम म्यानेजरमा विराटजंग शाही छन् भने बालगोपाल महर्जन प्रमुख प्रशिक्षक रहेका छन्। उपेन्द्रमानसिंह गोलकिपिङका कोच रहेका छन्।

## अफगानिस्तानसँग अभ्यास म्याच खेल्ने

**काठमाडौं/रास–** नेपालको यू-१० राष्ट्रिय क्रिकेट टिमले अफगानिस्तानको यू-१९ राष्ट्रिय टिमसँग अभ्यास खेल खेल्ने भएको छ।

बंगलादेशमा हुने आईसीसी यू-१९ विश्वकप प्रतियोगितको तयारीस्वरूपमा नेपालले यसअघि भारतको हिमाञ्चल प्रदेश ११ सँग अभ्यास म्याच खेको थियो।

अफगानिस्ताको यू-१९ टोलीसँग नयाँ दिल्लीमा ११ र १३ जनवरीमा अभ्यास म्याच खेल्ने नेपाल क्रिकेट संघ (क्यान) का सीईओ भावना घिमिरेले बताएकी छन्।


Government of Nepal
Ministry of Irrigation
Department of Water Induced Disaster Prevention
Water Induced Disaster Prevention Division Office No.16, Baglung

**Invitation for Bids (Notice No.01/072-073)**

First Date of publication: 2072.09.24

1. The Government of Nepal (GoN) has allocated funds towards the cost of River Training Projects on Kaligandaki and Myagdi River for Jilla Sadarmukam Bachawat Karya (Beni) in Myagdi district intends to apply part of the funds to cover eligible payments under the Contract given below. Bidding is open to all eligible Nepalese Bidders.
2. Bidders may bid for one or several contracts, as further defined in the Bidding Document. Bidders wishing to offer discounts in case they are awarded more than one contract will be allowed to do so provided those discounts are included in the Letter of Bid.
3. Water Induced Disaster Prevention Division Office No.16, Baglung invites sealed bids from eligible bidders for the construction of following works related with river training, either as a single entity or in joint venture. The maximum number of J/V partner(s) is limited to 3 (three) only.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Water Induced Disaster Prevention Division Office No.16, Baglung
Telephone: 068-523066 facsimile: 068-523066
5. Complete set of Bidding Documents may be purchased from the **District Treasury Office**, Baglung or **Water Induced Disaster Prevention Division Office No.16, Baglung** by eligible Bidders on the submission of a written application, along with the duly attested copy of firm registration certificate, Tax and VAT clearance certificate for **F.Y.071/072** upon payment of a non-refundable fee mentioned below for each package during office hours on or before **30th day** from the first date of publication of notice. Alternatively, the bidder may choose to deposit cost of bidding document in the following revenue (Rajaswa) account of the office at
**Nepal Bank Limited, Baglung** **Office Code No.: 49-357-02**
**Rajaswa Account No.22-41-1035**
**Rajaswa Shirshak No.14227**
6. Sealed Bids must be submitted to the Water Induced Disaster Prevention Division Office No.16, Baglung on or before **12.00 noon** on the **31st day** from the first date of publication of this notice. Bids received after this deadline will be rejected. Alternatively, interested eligible bidders may visit e-procurement section of PPMO's website ***http://www.bolpatra.gov.np*** for purchasing and submitting their bids electronically as instructed in Section 10: Notes for Guidance for E-Bidding of the Bidding Document.
7. The bidders shall quote the item rates in the Bill of Quantities exclusive of VAT.
8. Bidders are advised to **visit the site** and assess the actual site conditions before submitting the bids.
9. Bidders who submit the bids electronically should compulsorily submit hard copies (original printed copy) of their e-bids within **7 days** from the date of bid opening.
10. Matters not covered by this notice shall be in accordance with Procurement Act 2063 and Procurement Regulation 2064.
11. Bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14.00 hrs on **31st day** from the first date of publication of notice at the WIDPD No.16, Baglung. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of specified as below in the form of cash voucher deposited in **Dharauti A/C No. 22517510** of District Treasure Office, Baglung at Nepal Bank Limited, Baglung or Bid Bond in the form of Bank Guarantee issued by the bank recognized by GoN as a "A" class commercial bank, which shall be valid for 30 days more beyond the validity period of the bid.
12. A pre-bid meeting shall be held on **the 20th day** from the first date of publication of this notice at **12:00 noon** at Technical Section of WIDPD16, Baglung.
13. All bidders must submit a written declaration according to Rule 40 (2)-e of PPR, 2064. The bidders failing to do so shall not be included in the evaluation process.
14. Any further information can be obtained from the office during office hours.
15. If the last date of purchasing, submission and opening falls on a government holiday, it shall be extended to the next working day.
16. Estimated completion period of the work is 5 (five) months from the date of signing the agreement.
17. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Descriptions of Contract Package**

| Contract No. | Description and location of work | Bid Security Amount (NRs) | One similar contract (NRs) | Minimum Average Annual Turnover | Cash Flow Requirement (NRs) | Bid Document Fee (non-refundable) (NRs) |
|---|---|---|---|---|---|---|
| BBPW/WIDPD16/01-072/073 | Construction of R.C.C. Cantilever Wall (Kali Gandaki River) d/s of motorable bridge and Gabion Protection Works (Kali Gandaki and Myagdi River) at Beni Municipality, Myagdi. | 5,00,000 | 1,35,00,000 | 2,53,00,000 | 85,00,000 | 3,000 |

Division Chief


# खेलकुदमा लोकतान्त्रिक ऐन आवश्यक

**राजधानी समाचारदाता**
काठमाडौं, २३ पुस

नेपाल ओलम्पिक कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठले खेलकुदमा लोकतान्त्रिक ऐन आवश्यक रहेको औंल्याएका छन्। बिहीबार व्यवस्थापिका संसद् महिला बालबालिका, ज्येष्ठ नागरिक र समाज कल्याण समितिअन्तर्गत खेलकुदमा देखिएको विद्यमान समस्या र विवादसम्बन्धी अध्ययन गर्न बनेको उपसमितिले आयोजना गरेको छलफल कार्यक्रममा श्रेष्ठले सो राय व्यक्त गरेका हुन्।

श्रेष्ठले नेपालको परिवर्तनले खेलकुदको ऐननियमलाई परिवर्तन गर्न नसकेको बताउँदै भने, 'राजगद्दी बचाउनका लागि बनेको पञ्चायती ऐनले सदस्यसचिवलाई नै सबै अधिकार दिएको छ, यो ढाँचाले खेलकुदको विकास हुँदैन।' श्रेष्ठले अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीको चार्टर्डअनुसार नबाझिने गरी ऐन निर्माण गर्नुपर्ने बताए। 'तर, अहिले त कानुनभन्दा पनि हुकुम प्रभावित भएको छ।' उनले भने, 'संघहरू राखेपमा दर्ता गर्ने काम भएको छ, जुन नेपालको कानुनअनुसार गलत हो।'

श्रेष्ठले नेपाली कानुनअनुसार संघहरू जिल्ला प्रशासन कार्यालयमा दर्ता हुनुपर्ने बताए।

उनले जब राष्ट्रको प्रतिष्ठासँग जोडिएको अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिताको कुरा आउँछ तब खेलकुदमा विवाद सिर्जना हुन्छ भन्दै आरोप लगाए। 'खेलकुदको विषयलाई भन्दा व्यक्तिगत स्वार्थमा केन्द्रित भएका कारण खेलकुद विवादित हुने गरेको यथार्थ छ।' उनले भने, 'खेलकुदमा तिन पक्ष छन्, सरकार, नेपाल ओलम्पिक कमिटी र राष्ट्रिय संघ। यी तिन पक्षको समन्वयकारी भूमिकाले मात्र विवादको निकास गर्न सकिन्छ। तर, यहाँ त क्षेत्राधिकारलाई सही ढंगबाट बुझ्ने काम भएकै छैन।'

उनले ऐन पञ्चायती शैलीकै भएकाले खेलकुदको विकास हुन नसकेको औंल्याएका छन्। समितिका संयोजक मोहन राईले खेलकुदमा देखिएको समस्या समाधानका लागि समितिले आवश्यक पहल गरी छलफल सुरु गरेको बताए। समितिका सदस्यहरू सांसद् जीवन परियार, निशाकुमार शाह र रामहरि सुवेदीले ओलम्पिक कमिटीका पदाधिकारीसँग आफ्नो जिज्ञासा राखेका थिए। ओलम्पिक कमिटीका महासचिव लामा टेन्डी शेर्पाले खेलकुदमा सदस्यसचिव फेरिएपिच्छे नारा परिवर्तन हुने आरोप लगाए। उनले अघिल्लो सदस्यसचिवले सुरु गरेको कामलाई निरन्तरता नदिइने भएकाले खेलकुद परिषद्को भिजन स्पष्ट हुन नसकेको बताए।

नेपाल ओलम्पिक कमिटीका सदस्य नीलेन्द्रराज श्रेष्ठले ओलम्पिक कमिटी र राष्ट्रिय खेलकुद परिषद् मर्ज गरेर विवादलाई सदाका लागि अन्त्य गर्नुपर्ने बताए। कार्यक्रममा नेपाल ओलम्पिक कमिटीका उपाध्यक्ष ज्योति राणाले महिलामैत्री ऐनको आवश्यकता औंल्याइन्। कार्यक्रममा उपाध्यक्ष पुरेन्द्रविक्रम लाखे, एनओसी सदस्य रमेश श्रेष्ठ र दीपकहर्ष बज्राचार्यले आफ्नो धारणा राखेका थिए। कार्यक्रममा एनओसी सह महासचिव राजीव श्रेष्ठ र सदस्य सुनिल श्रेष्ठको उपस्थिति थियो।

राजधानी न्युज पब्लिकेसन प्रालिद्वारा प्रकाशित तथा मुद्रित, राजधानी भवन, कुपण्डोल, पो.ब.नं. २०५०३ काठमाडौं, फोन : ५५४६३००/५५४१०३०/४०, फ्याक्स : ९७७-१-५०११५९४, प्रमुख कार्यकारी अधिकृत : आषिश शेरचन, सम्पादक : राजन शर्मा